मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

● वर्ष ३ ● अंक २१६ ● २०८२ साल असार ०५ गते बिहीबार ● Thursday 19, June 2025 ● सूर्योदय: बिहान ५:११ बजे ● सूर्यास्त: साँझ ७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## बारागढीमा लामखुटे नियन्त्रणको प्रयास

**मधेशदृष्टि**
**बारा ।**
बारागढी गाउँपालिकाले लामखुटे नियन्त्रण तथा डेंगु रोग रोककथाममा सक्रियता देखाएको छ । पालिकाले बढ्दो लामखुटे र डेंगु संक्रमणको जोखिमलाई मध्यनजर गर्दै विभिन्न सचेतनामूलक तथा प्राविधिक कार्यक्रम सञ्चालन गरिरहेको छ । स्थानीय स्वास्थ्य चौकीमार्फत सर्वेक्षण, झोलामा पानी नजम्ने व्यवस्था, फोहर व्यवस्थापन, र लामखुटेको लार्भा नष्ट गर्ने अभियानलाई प्राथमिकता दिइएको छ। स्थानीयलाई लामखुटेबाट जोगिन अपनाउनु पर्ने सावधानीका उपायबारे जानकारी दिन पर्चा, पोस्टर, र सामुदायिक भेला गरिएको छ।
अधिकृत महेश ठाकुरका अनुसार, डेंगु नियन्त्रणका लागि समुदायको सक्रिय सहभागिता आवश्यक रहेको र जनतासँग सहकार्य गरेर अभियान प्रभावकारी बनाउने काम भइरहेको छ । स्वास्थ्यकर्मीका अनुसार लामखुटेको टोकाइबाट सर्ने रोगको जोखिम वर्षायाममा झनै बढ्ने भएकाले घरआँगन सफा राख्न, पुराना टायर, भाँडाकुँडा, र खाली डब्बामा पानी जम्न नदिने सुझाव दिइएको छ।

# रवि र छविलाई बयानका लागि पर्सा ल्याइने

*सानो पाइला सहकारी ठगीमा संलग्न भनेर प्रतिवादी बनाइएका भूपेन्द्र राई, सागर केसी, मनिषा पाण्डे, दीपक लामा, विशाल तामाङ, कविता तामाङ, भगवती बम्जन, खिमानन्द कँडेल, नवीन अछामी, हेमन्त अधिकारी, दिपिका राई, नविना रिमाल, इरान लामा, सविना आले मगर, भक्तबहादुर भ्लोन, प्रदिप लामा, सविता लामा, शान्तिकुमारी सुवेदी, गणेशराज श्रेष्ठ, सुनिता नेवा, रोमन काफ्ले, कमल लामा, कल्पना कुमारी श्रेष्ठ, राजु बराल र नवराज राउत फरार छन् ।*





**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र नेपाल प्रहरीका पूर्वडिआइजी छविलाल जोशी बन्जाडेलाई भैरहवा कारागारबाट पर्सा ल्याइने भएको छ । जिल्ला अदालत पर्सामा उनीहरू दुवैविरुद्ध सानो पाइला सहकारी ठगीमा मुद्दा दायर भएपछि अदालतले कारागारबाटै झिकाउने तयारी गरेको हो ।
जिल्ला अदालत पर्साका सूचना अधिकारी रामनरेश महतोले रवि र छविलाई पर्सा अदालतमा झिकाएर बयान लिइने र थुनछेक आदेश गरिने जानकारी दिए । फरारका हकमा म्याद जारी हुने र यसअघि नै कारागारमा रहेकालाई सम्बन्धित कारागारसँग समन्वय गरेर झिकाइने तथा केही दिनमै उनीहरूलाई झिकाएर अदालतले पत्र काट्ने महतोले बताए । सानो पाइला सहकारी ठगीको दोस्रो चरणको अभियोगमा २९ जनालाई प्रतिवादी बनाइएको छ ।
अभियोग पत्रमा उनीहरूले सानो पाइला सहकारीको २ अर्ब ३० करोड १४ लाख २९ हजार ८ सय रुपैयाँ हिनामिना गरेको आरोप लगाइएको छ । प्रतिवादीमध्ये २५ जना फरार रहेको र उनीहरूको हकमा अदालतबाटै म्याद जारी गर्न सरकारी वकिल कार्यालयले अभियोग पत्रमा माग गरेको छ ।
बाँकी चारजना भने अन्य सहकारी ठगीकै अभियोगमा पुर्पक्षका लागि कारागारमा छन् । रवि लामिछाने र छविलाल जोशी बन्जाडे रूपन्देहीको सुप्रिम सहकारी ठगी अभियोगमा जिल्ला कारागार रूपन्देहीमा पुर्पक्षका लागि थुनामा छन् । छविलाई जिल्ला अदालत रूपन्देहीले र रविलाई उच्च अदालत तुलसीपुरको बुटवल इजलासले थुनामा राख्न आदेश दिएको थियो । यद्यपि, रविलाई जिल्ला अदालतले एक करोड रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको थियो, तर उच्च अदालतले छविको हकमा जिल्लाकै आदेश सदर गर्दै रविलाई पनि थुनामै राख्ने आदेश गरेपछि उनीहरू दुवैजना मुद्दाको फैसला नआउन्जेल थुनामै रहने भएका छन् ।
यो आदेश सर्वोच्च अदालतबाट पनि सदर भइसकेको छ । यसैगरी, रामबहादुर खनाल र प्रमोद भट्टराई कास्कीमा थुनामा छन् । यी चारैजनालाई झिकाइ मुद्दाको कारबाही अगाडि बढाउन माग गरिएको छ । अदालतले एउटै कारागारमा रहेका रवि र छविलाई एकसाथ बोलाउने र अर्को कारागारमा रहेका अन्य दुई जनालाई अर्कोपटक बोलाउने तयारी गरेको छ ।
सानो पाइला सहकारीको दोस्रो चरणको अभियोगमा फरार रहेका प्रतिवादीहरू भूपेन्द्र राई, सागर केसी, मनिषा पाण्डे, दीपक लामा, विशाल तामाङ, कविता तामाङ, भगवती बम्जन, खिमानन्द कँडेल, नवीन अछामी, हेमन्त अधिकारी, दिपिका राई, नविना रिमाल, इरान लामा, सविना आले मगर, भक्तबहादुर भ्लोन, प्रदिप लामा, सविता लामा, शान्तिकुमारी सुवेदी, गणेशराज श्रेष्ठ, सुनिता नेवा, रोमन काफ्ले, कमल लामा, कल्पना कुमारी श्रेष्ठ, राजु बराल र नवराज राउत छन् । उनीहरूलाई सहकारी ठगी र संगठित अपराधमा कसुरदार बनाइएको छ ।
यसअघि अनुसन्धानक्रममा पनि रवि र छविलाई पोखराको सूर्यदर्शन सहकारी ठगीमा अनुसन्धान चलिरहँदा अन्य जिल्ला डुलाएर बयान गराइएको थियो । उनीहरूविरुद्ध पोखरा र बुटवलसँगै चितवनको सहारा चितवन, काठमाडौँको स्वर्णलक्ष्मी सहकारीमा पनि मुद्दा छ । रुपन्देही बाहेकका जिल्लाले दुवैलाई धरौटीमा रिहा गर्न आदेश दिएका थिए, तर त्यसविरुद्ध सरकारी वकिल कार्यालय उच्च अदालत गएको छ । यद्यपि, उच्च अदालतबाट यस सम्बन्धमा आदेश हुन बाँकी छ ।

# रौतहटमा हत्या वीरगंजमा न्याय याचना

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटमा युवतीको हत्या प्रकरणमा प्रहरीले अनुसन्धान प्रभावित पार्न खोजेको भन्दै पीडित पक्षले वीरगंजमा पत्रकार सम्मेलन गरेर न्यायका लागि अपिल गरेका छन् ।
कटहरिया नगरपालिका–५ मा वैशाख २८ गते भएको सानिया प्रविनको मृत्यु प्रकरणमा पीडितहरुले वीरगंज पुगेर पत्रकार सम्मेलन गरेका हुन् ।
भारत, बिहार राज्य, पूर्वी चम्पारण सुगौली राय टोलाका मोलाजिम रोशनको परिवारले छोरीको हत्या भएको र प्रहरीबाट पनि न्याय नपाइएको आरोप लगाएको हो । सानियाको मुस्लिम परम्पराअनुसार मागीविवाह भएको थियो । तर, माइती पक्षका अनुसार दाइजोमा नगद, मोटरसाइकलनलगायतका सामग्री दिन नसकिएपछि सानियालाई मानसिक र शारीरिक यातना दिई हत्या गरिएको माइती पक्षको दाबी छ । वीरगंजस्थित नेपाल पत्रकार महासंघ पर्साको सभाहलमा आयोजित पत्रकार सम्मेलनमा




मृतक सानियाका मामा अरमान अन्सारीले भने, 'सासु, ससुरा र ज्वाइँ अरमान राय मिलेर भान्जी सानियाको हत्या गरेका हुन् । उनीहरुले अर्की भान्जीलाई पनि मारेर फालिदिने धम्की दिइरहेका छन् ।' पीडित पक्षले निष्पक्ष छानबिन र दोषीलाई कडा कारबाही माग गरेका छन् ।

# पुरानो रिसइबीमा कुटेर हत्या गर्ने तीन पक्राउ

बारा, कलैया उपमहानगरपालिका–१४ बघवन टोलमा पुरानो रिसइबीका कारण कुटपिट हुँदा एक जनाको ज्यान गएको छ । जेठ २९ गते साँझ करिब ६ बजेर १५ मिनेटको समयमा ५० वर्षीय नन्दु राउत कुर्मीलाई सोही ठाउँका उमेश जैसवालसहित ६ जनाको समूहले सामूहिकरूपमा कुटपिट गरेका थिए । गम्भीर घाइते कुर्मीलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल, कलैयामा लगिएको थियो । तर, चिकित्सकले बेलुका ७ बजेर २० मिनेटमा उनलाई मृत घोषणा गरेका थिए । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार, घटनामा संलग्न रहेको आशंकामा २८ वर्षीय दिगम्बर साह कलवारलाई पक्राउ गरिएको छ ।
उनलाई जिल्ला अदालतबाट ७ दिनको म्याद लिई 'ज्यानसम्बन्धी कसुर' अन्तर्गत अनुसन्धान अगाडि बढाइएको छ । त्यसपछि विशेष प्रहरी टोली खटाई अन्य फरार अभियुक्तको खोजी गर्ने क्रममा बुधबार थप तीन जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा उमेश जैसवालकी श्रीमती ३८ वर्षीया रञ्जु जैसवाल, उनका छोरा २० वर्षीय सुमित जैसवाल र १८ वर्षीय सुजित कुमार जैसवाल छन् । तीनै जना फरार अवस्थामा लुकिछिपी बसेको अवस्थामा समातिएको प्रहरीको भनाइ छ । घटनासँग सम्बन्धित अन्य फरार अभियुक्तको खोजी जारी रहेको बताइएको छ ।

# चीनमा लगातार पाँच दिन बाढी नेपालका दुई जिल्लामा खतरा

**मधेशदृष्टि**
**जनकपुर ।**
चिनियाँ अधिकारीले नेपालसँग जोडिएको सीमा क्षेत्रमा 'अत्यधिक वर्षा'को सम्भावना रहेको भन्दै सतर्कता अपनाउन नेपाली पक्षलाई संकेत गरेका छन् । चीनको सूचनापछि जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक र काभ्रेले सतर्कता अपनाएको छ । सिन्धुपाल्चोक प्रशासनले विज्ञप्ति जारी गरेर असार ७ गतेसम्म सतर्कता अपनाउन जिल्लाबासीलाई अनुरोध गरेको छ । सिन्धुपाल्चोक प्रशासनले जारी गरेको सूचनामा तिब्बत क्षेत्रमा 'अत्यधिक वर्षा' हुनसक्ने सम्भावना रहेकाले भोटेकोशी र सुनकोशी नदी आसपासका ६ वटा पालिकाका बासिन्दालाई सतर्कता अपनाउन भनेको हो ।
'भोटेकोशी गाउँपालिका, बाह्रबिसे नगरपालिका, त्रिपुरासुन्दरी गाउँपालिका, सुनकोशी गाउँपालिका, बलेफी गाउँपालिका र चौतारा साँगाचोकगढी नगरपालिकाको भोटेकोशी–सुनकोशी नदी आसपास क्षेत्रमा जोखिम हुन सक्ने भएकाले नदी आसपास क्षेत्रमा बसोबास गर्नुहुने महानुभावमा सतर्कता अपनाउन अनुरोध छm' सहायक प्रमुख जिल्ला अधिकारी गणेश नेपालीले जारी गरेको सूचनामा लेखिएको छ ।
यसैगरी काभ्रेका सहायक प्रमुख जिल्ला अधिकारी सुदर्शन श्रेष्ठले पनि सूचना जारी गरी भुम्लु, तेमाल र रोशी गाउँपालिकाका तटीय क्षेत्रका बस्ती जोखिममा पर्न सक्ने भन्दै सतर्कता अपनाउन भनिएको छ । चीनको सीमा क्षेत्रमा पर्ने वर्षा वा हिमताल विष्फोटले नेपालमा पनि क्षति हुनसक्ने भएकाले विशेषगरी नदी किनार क्षेत्रका बासिन्दालाई सतर्कता अपनाउन भनिएको हो ।
विश्व मौसम विज्ञान केन्द्र बेइजिङले आगामी ५ दिनसम्म दक्षिण पश्चिम मनसुन सक्रिय हुने जनाएको छ । सूचनासँगै सार्वजनिक गरिएको नक्सामा नेपालमा पनि वर्षाको सम्भावना रहेको भनेर गाढा निलो रंगले संकेत गरिएको छ । सूचनामा भारतको पश्चिमी तथा उत्तरपूर्वी भागहरू, श्रीलंकाको दक्षिणपश्चिमी भाग, बंगलादेशको उत्तर भाग, म्यानमारको पश्चिमी र दक्षिणी भाग तथा थाइल्याण्डको दक्षिणपश्चिमी भागमा भारीदेखि अति भारी वर्षा हुने उल्लेख छ ।
भारतका गोवा, केरला र आसाम राज्य तथा म्यानमारको राखाइन राज्य, आयेयरवाडी क्षेत्र, कायिन राज्य र मोन राज्यहरूमा छोटो अवधिमा मेघगर्जनसहित अत्यधिक वर्षा हुने र तेज हावा चल्ने सम्भावना रहेको बताइएको छ ।

**पाँच मुख्य राजमार्ग अवरुद्ध**

देशभरका विभिन्न स्थानमा परेको अविरल वर्षाका कारण पाँच मुख्य राजमार्ग अवरुद्ध भएका छन् भने तीन राजमार्ग एकतर्फी सञ्चालनमा रहेका छन् । प्रहरी प्रधान कार्यालयका अनुसार वर्षाका कारण बागमती प्रदेशस्थित सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका–२ कोदारी, भोटेकाशी गाउँपालिका–३ लार्चा, भोटेकोशी गाउँपालिका–२ कोप्लाङमा पर्ने अरनिको राजमार्ग पूर्णरूपमा अवरुद्ध भएको छ । यसैगरी, कर्णाली प्रदेशस्थित डोल्पा जिल्लाको त्रिपुरासुन्दरी नगरपालिका १ छलघाटको भेरी करिडोर र सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाको महाकाली नगरपालिका वडा नं ५ गोकुलेश्वर खलङ्गा राजमार्ग अवरुद्ध भएको छ । यस्तै, वर्षाका कारण अवरुद्ध भएका तीन मुख्य सडक एकतर्फी रूपमा सञ्चालन भएको छ । जुम्ला जिल्लाको जुम्ला–मुगु सडक, गुल्मी जिल्लाको कालिगण्डकी करिडोर र धनकुटा जिल्लाको रवि–राके– भेडेटार सडक एकतर्फी रूपमा सञ्चालन भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

# पौने ५७ करोड दाबी ३ लाख धरौटी !

**मधेशदृष्टि**
**सर्लाही ।**
बागमती नगरपालिकाका निलम्बित मेयर भरतकुमार थापालाई विशेष अदालतले ३ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश गरेको छ । उनीविरुद्ध अख्तियारले ५६ करोड ७१ लाख रुपैयाँ बिगो मागदाबी गरेको थियो ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वडा ४ र १२ मा पर्ने सागरनाथ वन विकास परियोजनाको वन क्षेत्र अतिक्रमण गरी ढुङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन् गरी परेको खाल्डोमा माछापोखरी निर्माणका नाममा करोडौँ रकम संघ र प्रदेशबाट माग गरी भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर गरेको थियो ।
मधेश प्रदेश सरकारबाट पटकपटक माछाविहीन पोखरीका लागि अनुदान लिइएको, निर्माण पूरा नभएको भनी तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री विजयकुमारले एमओयुमा आफैँले हस्ताक्षर गरी ३० करोड रुपैयाँ अनुदान दिएको आरोप अख्तियारको थियो । विशेषले थापासहित उपमेयर मोक्तान र पूर्वमन्त्री विजयकुमारविरुद्ध समान बिगो मागदाबी गरेको थियो । अख्तियारले मेयर थापासहित ८ प्रतिवादीले माछापोखरी निर्माणको नाममा पोखरी समेतका गैरकानूनी संरचना निर्माण गरी साविक वन ऐन, २०४९ एवम् प्रचलित वन ऐन, २०७६ बमोजिम कसुर गरेको आरोपमा अभियोग गरेको थियो ।
वन क्षेत्रमा निर्माण गरिएका सबै संरचना कानुनअनुसार जफत भई जुन प्रयोजनका लागि निर्माण गरिएको हो, त्यही प्रयोजनबमोजिम प्रयोग प्रचलनमा आउनसक्ने अवस्था नरहेको तथा सरकारी लगानीको प्रतिफल शून्य देखिएको अख्तियारले गरेको अनुसन्धानमा देखिएको थियो ।
अभियोगपत्रमा अख्तियारले थापालाई भ्रष्टाचार निवारण ऐन २०५९ को कसुरमा दफा ३ (१) (ज) बमोजिम १४ वर्ष कैद र दफा २४ बमोजिम थप ३ वर्ष गरी १७ वर्ष कैद सजाय मागदाबी गरेको थियो ।

# नयाँदिल्ली हुँदै खाडी जान लागेका पाँच पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपाल पर्साले अवैधरूपमा भारतीय नाका हुँदै खाडी मुलुक जान लागेका चार महिलासहित एक पुरुषलाई ठोरीबाट नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल नेपाल बिओपी ठोरीबाट खटिएका सशस्त्र प्रहरीले शङ्का लागेर जाँच गर्ने क्रममा अवैध बाटो हुँदै खाडी मुलुक कुबेत र ओमन जान लागेका उनीहरुलाई पक्राउ गरेको हो ।
'पक्राउ परेकामध्ये इलामका दुई महिलाले ओमन जाने बताएका छन् भने रोल्पाका दुई महिलाले नयाँ दिल्लीमार्फत खाडी मुलुक जान लागेको बताए,' सशस्त्र प्रहरी बल नेपाल विओपी ठोरीका सशस्त्र प्रहरी निरीक्षक प्रेम राउतले भने, 'उनीहरुलाई भारत लैजान लागेको आशङ्कामा चितवन माडी नगरपालिका–८ का दीपक खड्कालाई पनि नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान गरिरहेका छौँ ।' सशस्त्र प्रहरीले इलामका दुईजना महिलाको साथबाट भिसा नभएको दुई वटा राहदानीसमेत फेला पारेको छ । सशस्त्र प्रहरीले आवश्यक सोधपुछ गरेसँगै पक्राउ परेका पाँचै जनालाई इलाका प्रहरी कार्यालय ठोरीलाई हस्तान्तरण गरेको छ ।

# मधेश सरकारद्वारा स्थानीय तहलाई २ अर्ब

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२–८३ को बजेटमा स्थानीय तहमा दुई अर्ब रुपैयाँ पठाउने भएको छ । प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, खानेपानी तथा शहीद परिवारलाई लक्षित विशेष कार्यक्रमलगायतका क्षेत्रमा काम गर्नका लागि स्थानीय तहले खर्च गर्ने गरी विशेष अनुदानमा ३८ करोड १० लाख रुपैयाँ विनियोजन गरेको छ । यसका साथै विशेष अनुदानसम्बन्धी कार्यविधि २०७८ ले निर्णय गरेबमोजिमका क्षेत्रमा स्थानीय तहले योजना कार्यान्वयन गर्न समपूरक अनुदानतर्फ २८ करोड १० लाख रुपैयाँ विनियोजन गरेको अर्थमन्त्री सुनिल कुमार यादवले जानकारी दिए । यस्तै, मधेश प्रदेशका स्थानीय तहलाई सशर्त अनुदानमा १ अर्ब २२ करोड ५० लाख रुपैयाँ विनियोजन भएको छ ।

# अधिकांश पालिकामा खानेपानीको समस्या

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगर लगायत पर्सा जिल्लाका अधिकांश पालिकामा यो वर्ष पनि खानेपानीको समस्या शुरु भएको छ । चापाकलहरू सुक्दै जाँदा सयौं घरपरिवारहरूमा पानीको अभाव देखिएको छ ।

पछिल्ला दुई वर्षदेखि वीरगंजमा भूमिगत पानीको सतह लगातार घट्दै जाँदा चापाकलले काम गर्न छाडेको हो । वीरगंज महानगरका अधिकांश घरमा जडान गरिएका चापाकलमध्ये झण्डै ८० प्रतिशतमा पानी आउन छाडेको महानगरको खानेपानी महाशाखा प्रमुख राकेश साहले जानकारी दिए ।
खानेपानीको संकट समाधानका लागि महानगरले हालसम्म करिब डेढ सयवटा 'डीप बोरिङ' जडान गरिसकेको भए पनि तीमध्ये ४० वटामा अझै पाइपलाइन जडान हुन सकेको छैन । एक डीप बोरिङबाट अधिकतम ४० घरमा मात्र सेवा पुग्ने भएकाले समस्या ज्यूँका त्यूँ रहेको साहले बताए । वीरगंजमा करिब ५० हजार घरधुरीमध्ये ९० प्रतिशतमा चापाकल छन् र तीमध्ये अधिकांश हाल सुकेका छन् ।
यसले गर्दा महानगरवासीहरू वैकल्पिक रूपमा खानेपानी संस्थानको पाइपलाइन जडानतर्फ आकर्षित भएका छन् । तर, उपभोक्ता संख्या बढ्दै जाँदा खानेपानी संस्थानले दिन सक्ने सेवामा पनि दबाब बढेको छ । हाल संस्थानले दैनिक ११ घण्टासम्म पानी आपूर्ति गर्दै आएको भए पनि माग अनुसार पानी नपुगेको गुनासो उपभोक्ताहरूको छ । कतिपय स्थानमा मोटरको प्रयोग गरी सिधै धाराबाट पानी तान्न थालिएको छ । यस्तै, पोखरिया, धोबिनी, पकाहामैनपुर, बहुदरमाई, कालिकामाई, छिपहरमाई, विन्ध्यवासिनी लगायतका पालिकामा पनि चापाकल सुक्न थालेका छन् । यिनै पालिकामा खानेपानी संस्थानले करोडौंको लागतमा पानी टङ्की निर्माण गरिए पनि अहिलेसम्म सञ्चालनमा ल्याइएको छैन । अहिले ती स्थानमा चापाकल राखेर केही राहत पाइए पनि ती पनि अब सुक्न थालेका छन् । खानेपानी मन्त्रालयले आगामी तीन वर्षभित्र वीरगंजका ३२ वटै वडामा एशियाली विकास बैंकको सहयोगमा नयाँ पाइपलाइन विस्तार, टङ्की निर्माण र पुराना मर्मत कार्यको योजना अघि बढाइरहेको जनाएको छ । साउनदेखि यससम्बन्धी ग्लोबल टेन्डर प्रकाशित हुने तयारी भइरहेको छ ।

# धोबिनीमा ४५ विद्यार्थीलाई पोशाक

**राजन बानिया**
**वीरगंज ।**
पर्सा जिल्लाको धोबिनी गाउँपालिका–४ लंगडीमा रहेको श्री काली प्रसाद लाखे माध्यमिक विद्यालयका कक्षा ११ मा अध्ययनरत ४५ जना विद्यार्थीलाई सम्मानस्वरूप पोशाक वितरण गरिएको छ । एक विशेष कार्यक्रमबीच वडाध्यक्ष आवास मियाले उनीहरूलाई कोट, पाइन्ट, सर्ट, टाई र जुत्ता वितरण गरेका हुन् ।

कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष मियाले विद्यार्थी जीवनको महत्त्व र भविष्यप्रतिको जिम्मेवारीबोध गराउँदै भने, 'अबको यात्रा शिक्षा र जीवनको दुर्निर्भर मोड हो । कोही उच्च शिक्षातर्फ लाग्नेछ, कोही रोजगारी र पारिवारिक जिम्मेवारीमा । त्यसैले यो सम्मान तपाईहरूको निरन्तर प्रेरणाका लागि हो ।' स्थानीय तहबाट प्रोत्साहनस्वरूप उपलब्ध गराइएको पोशाक विद्यार्थीको आत्मबल र अनुशासन वृद्धिमा योगदान पुर्याउने विद्यालय प्रशासनको विश्वास छ । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक हरिओम पटेल, शिक्षक अजय पटेल, नेयाज आलम लगायत शिक्षकहरूको उपस्थिति रहेको थियो । विद्यालयका प्रधानाध्यापक पटेलले वडाध्यक्ष मियाको यो पहलले विद्यार्थीमा सकारात्मक सोच र अनुशासित जीवनशैली निर्माणमा सघाउ पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रममा सहभागी शिक्षकहरूका अनुसार यस्ता सम्मानले विद्यार्थीको उत्कृष्टता र सहभागिता बढाउने काम गर्नेछन् ।

# ११ महिनामा २७ करोडको तस्करी नियन्त्रण, ९४ पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बल, नेपाल १३ नम्बर गण पर्साले चालु आर्थिक वर्ष २०८१÷८२ को ११ महिनामा तस्करी, चोरी, अवैध हुण्डी, लागुऔषध कारोबार तथा वन अपराधमा संलग्न व्यक्तिहरूलाई नियन्त्रणमा लिँदै करिब २७ करोड रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरी नायब उपरीक्षक तथा पर्साका सूचना अधिकारी देवेन्द्र बहादुर सिंहका अनुसार पर्सा जिल्लाका विभिन्न सीमावर्ती नाकाहरूबाट बरामद गरिएका ती अवैध सामग्रीहरू वीरगंज भन्सार कार्यालयमा दाखिला गरिएको हो । बरामद सामग्रीहरूको बजार मूल्य २६ करोड ९२ लाख ८८ हजार ४९ रुपैयाँ बराबर रहेको छ । स्रोत नखुलेको १ करोड १५ लाख ९४ हजार ५२२ रुपैयाँ बराबरको हुण्डीसहित २१ जना व्यक्तिहरूलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालय पर्सामा कानूनी कारबाहीका लागि बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ । त्यस्तै, पर्सा राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रबाट अवैध रूपमा काटेर ल्याइएको ४१ लाख ४ हजार ३४० रुपैयाँ बराबरको काठ पनि बरामद गरिएको छ । सशस्त्र प्रहरीका अनुसार ११ महिनामा विभिन्न अपराधमा संलग्न ९४ जना व्यक्तिहरूलाई पक्राउ गरिएको छ । तीमध्ये लागूऔषध कारोबारमा संलग्न ३० जना, हुण्डी कारोबारमा संलग्न २१ ज्ना, चोरी तथा तस्करीमा संलग्न २१ जना, मानव तस्करीमा संलग्न ७ जना र अन्य अपराधमा संलग्न १५ जना रहेका छन् । सो अवधिमा प्रहरीले ३९९ किलो गाँजा, ३९ किलो चरेश र २ लाख ३३ हजार थान एम्पुल तथा ट्याब्लेट जस्तो अवैध लागूऔषध पनि बरामद गरेको छ । सशस्त्र प्रहरी पर्साले सीमावर्ती क्षेत्रमा सुरक्षा निगरानी कडा बनाउँदै दैनिक गस्ती, सूचना संकलन र सञ्जालको सहायताबाट अवैध कारोबार नियन्त्रणमा सफलता पाएको बताइएको छ । सूचना अधिकारी सिंहले सशस्त्र प्रहरी बलले 'सीमा क्षेत्रलाई सुरक्षित राख्दै राष्ट्रिय अर्थतन्त्रको संरक्षण र सामाजिक सुरक्षाको प्रत्याभूति गर्न सुरक्षाकर्मी थप सक्रिय र प्रतिबद्ध छन्' भन्दै आगामी दिनमा निगरानी झन् कडा बनाइने बताए ।

# मटिहानीको बजेट ४४ करोड ५० लाख



**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरीको मटिहानी नगरपालिकाले आर्थिक वर्ष २०८२÷८३ का लागि कुल ४४ करोड ५० लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ । नगरप्रमुख हरिप्रसाद मण्डलले नगरपालिकाको १५औं नगरसभाको खुला सत्रमा नीति, कार्यक्रम र बजेट सार्वजनिक गर्दै कृषि, शिक्षा, स्वास्थ्य र धार्मिक पर्यटन विकासमा विशेष जोड दिइएको बताएका छन् ।

बजेट स्रोत विवरण अनुसार राजस्व बाँडफाँडबाट १० करोड ५ लाख, संघीय सरकारबाट २८ करोड १० लाख, प्रदेश सरकारबाट १ करोड २६ लाख तथा आन्तरिक स्रोतबाट ५ करोड ९० लाख संकलन हुने उल्लेख छ । नगरप्रमुख मण्डलले बजेट प्रस्तुत गर्दै मटिहानीको धार्मिक र ऐतिहासिक पहिचानको संरक्षण, पर्यटन प्रवद्र्धन, मैथिली भाषाको संरक्षण, शिक्षा र स्वास्थ्यमा पहुँच विस्तार तथा युवामुखी कृषि र पशुपालन योजनालाई प्राथमिकतामा राखिएको बताए । उनका अनुसार मटिहानी मठलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने पहल गर्ने, जलसागर, गोसाइँकुण्ड लगायतका क्षेत्रहरूको सौन्दर्यीकरण गर्ने र मठ, मस्जिद तथा मन्दिरहरूलाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने कार्यक्रम अघि बढाइनेछ । शिक्षामा मैथिली भाषा कक्षा १ देखि ८ सम्म सय अंकमा अध्यापन गराइने, कक्षा ११ मा अध्ययनरत छात्रालाई निःशुल्क साइकल, जेहेनदार दलित, अपांग, शहीद परिवारका विद्यार्थीलाई छात्रवृत्ति, फ्री बुक एण्ड ब्याग डे जस्ता कार्यक्रमको व्यवस्था गरिनेछ । स्वास्थ्यतर्फ, बर्थिङ सेन्टरबाट रेफर गरिएका गर्भवतीलाई जनकपुरधामसम्म निःशुल्क एम्बुलेन्स सेवा, निःशुल्क अल्ट्रासाउन्ड सेवा र आयुर्वेद तथा पारम्परिक चिकित्साको प्रवद्र्धन गर्न बजेट विनियोजन गरिएको छ ।

त्यस्तै, तालिम तथा स्वरोजगार योजनामार्फत उद्योग–व्यापारको प्रवद्र्धन, पूर्वाधार, सिँचाइ, सुशासन, विपत् व्यवस्थापन, सञ्चार र खेलकुद क्षेत्रका लागि समेत छुट्टै कार्यक्रम र बजेट राखिएको नगरप्रमुख मण्डलले जानकारी दिए । सभामा मधेश प्रदेश सभामुख रामचन्द्र मण्डल प्रमुख अतिथिका रूपमा सहभागी थिए । उनले मटिहानीको योजनागत पहिचानलाई प्रदेश सरकारले पनि साथ दिने प्रतिबद्धता जनाएका थिए ।

# रुपनी गाउँमा तीन दिवसीय निःशुल्क आँखा शिविर

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको रुपनी गाउँपालिकामा तीन दिवसीय निःशुल्क आँखा शिविर शुरु भएको छ । नेपाल नेत्रज्योति संघ सगरमाथा चौधरी आँखा अस्पताल, लहानको प्राविधिक सहयोगमा आयोजना गरिएको शिविर गाउँपालिकाको विभिन्न वडामा सञ्चालन हुने भएको हो । शिविरको पहिलो दिन बुधबार वडा नम्बर–६ स्थित माध्यमिक विद्यालय तेरहौतामा सञ्चालन गरिएको थियो । उद्घाटन कार्यक्रम वडा अध्यक्ष बद्री नारायण सरदारको अध्यक्षतामा सम्पन्न भएको थियो भने प्रमुख अतिथि गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवले शिविरको उद्घाटन गरेका थिए । अध्यक्ष यादवले गाउँपालिकावासीको स्वास्थ्य, विशेषतः आँखासम्बन्धी समस्यालाई ध्यानमा राखी शिविर सञ्चालन गरिएको जानकारी दिँदै शिविरको अधिकतम लाभ लिन स्थानीयहरूलाई आग्रह गरे । 'सामाजिक विकासबिना देशको समग्र विकास सम्भव छैन,' उनले भने, 'यस्तो सेवाले आम नागरिकको जीवनस्तरमा सुधार ल्याउँछ ।' शिविरमा आँखाको परीक्षणसहित निःशुल्क औषधि वितरण गरिएको छ भने गम्भीर प्रकृतिका रोगीहरूलाई थप उपचारका लागि गाउँपालिकाले आवश्यक प्रबन्ध गर्ने बताइएको छ । शिविरमा सगरमाथा चौधरी आँखा अस्पताल, लहानका प्राविधिक टोली मधु देव, पुरुषोत्तम साह, विश्वनाथ महतो, सरोज यादव लगायतको सहभागिता रहेको थियो । पहिलो दिन १०९ महिला र ७२ पुरुषसहित कुल १८१ जनाको आँखा परीक्षण गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख रामनारायण यादवले जानकारी दिए । परीक्षण गरिएका मध्ये ४२ जनामा मोतियाविन्दु तथा ४ जनामा आँखामा मासु पलाउने रोग (प्टेरिगियम) देखिएको उनले बताए ।

गाउँपालिका उपाध्यक्ष पुष्पा श्रेष्ठ लौगीका अनुसार शिविर क्रमशः वडा नं. ५ र ६ का लागि मावि तेरहौता, वडा नं. ३ र ४ का लागि मावि कटैया तथा वडा नं. १ र २ का लागि मावि नकटीरायपुरमा सञ्चालन हुनेछ । शिविरमा स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्यकर्मी, स्थानीय समाजसेवी, बुद्धिजीवी लगायतको समेत उपस्थिति रहेको थियो । शिविर आगामी दुई दिनसम्म विभिन्न वडामा सञ्चालन हुँदैछ ।


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., प्रधान कार्यलय ,गितमन्दिर रोड, वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुन:७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि मिति २०८१/१२/१५ मा मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८१/०१/२६ को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा मा १५ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुन:लिलाम सुचना प्रकाशित भएको **मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लग्तै बैंक खुलेको दिन) अर्थात मिती २०८२/०३/१२ गते बिहिवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा** गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| |
|---|
| **१)ऋणीको नाम, ठेगाना** |
| प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिती २०६० साल कार्तिक महिना ३० गते रोज १ मा नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग कार्यलय पर्सा बीरगंजमा दर्ता भै नं. प्रा.फ.र.नं. १९६६५/०६०/६१, अन्तर्गत दर्ता कायम भएको तथा वीरगंज १२, पर्सा कार्यालय रहेको **श्री शंकर साह उपेन्द्र कुमार ।** |
| **कर्जाको प्रकार:-ब्यवसायीक अधिविकर्ष कर्जा , ब्यवसायीक आवधिक कर्जा,** |
| **कर्जाको सुरक्षण विवरण:** |
| **क**) राम नरेश प्रसाद सर्राफको छोरी, शंकर साह सोनारको बुहारी ,उपेन्द्र कुमार सर्राफको पत्नी ,जिल्ला पर्सा ,वीरगंज वडा नं.१८ बस्ने(ना.प्र.नं. १४५६ ,जारी मिति २०५४/०३/३०, जि.प्र.का. पर्सा) बर्ष ५४ की **सुष्मा देवी सर्राफ**को नाममा दर्ता कायम रहेको जिल्ला पर्सा वीरगंज उ.म.न.पा. वडा नं. १२ स्थित रहेको किता नं. **१६** र जिल्ला पर्सा वीरगंज वडा नं. १० स्थित रहेको किता नं. **२२७** को जम्मा क्षेत्रफल क्रमश: **३८.२० र १६९.३० वर्ग मिटर** को घरजग्गा । |
| **प्रोप्राइटर तथा व्यक्तिगत जमानीकर्ताहरु :** |
| **क**) शंकर साह सोनारको नाती, उपेन्द्र कुमार शर्राफको छोरा, जिल्ला पर्सा, वीरगंज नं.१८ बस्ने (ना.प्र.न.३४-०१-७१-०१०३८,जारी मिति २०७१/०२/०२ ,जि.प्र.का. पर्सा) बर्ष २९ को **रजत शर्राफ ।**<br>**ख**) राम अशोक प्रसादको छोरी ,उपेन्द्र कुमार सर्राफको बुहारी ,रजत सर्राफको पत्नी, वीरगंज वडा नं.१५ बस्ने(ना.प्र.नं. ३४-०१-७७-००२८० ,जारी मिति २०७७/०३/२२, जि.प्र.का. पर्सा) बर्ष २८ **की राज नंदनी कुमारी ।**<br>ग) राम नरेश प्रसाद सर्राफको छोरी ,शंकर साह सोनारको बुहारी, उपेन्द्र कुमार सर्राफको पत्नी, वीरगंज म.न.पा वडा नं.१५ बस्ने (ना.प्र.नं. १४५६ र जारी मिति २०५४/०३/३०, जि.प्र.का पर्सा) बर्ष ५६ की **सुष्मा देवी सर्राफ ।**<br>**घ**) रामफल साहको नाती, शंकर साह सोनारको छोरा, जिल्ला पर्सा, वीरगंज नं. १८ बस्ने (ना.प्र.न.१६०३१६४६८ , जारी मिति २०३९/११/०२, जि.प्र.का. पर्सा) बर्ष ६१ को **उपेन्द्र कुमार शर्राफ ।** |
| **पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :**<br>उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ । |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६ गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सातौ) दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६ गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंकको सण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वत: जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वत: रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै कित्ता नम्बर अनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ असार ११ गते बुधबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ असार १२ गते बिहिबार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

**नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend
नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था

**प्रधान कार्यालय:**
**गीता मन्दिर रोड, वीरगंज,पर्सा**
**फोन नं. ०५१-५३१०३१**
शाखा कार्यालय: बसपार्क (बाईपास) बिरगंज
ड्राईपोर्ट, श्रीसिया, बिरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।

# छैठौँ दिन पनि नगरपालिकामा कर्मचारीको आन्दोलन

**मधेशदृष्टि**
**सप्तरी ।**
विगत ६ दिनदेखी धर्नामा बसेका राजविराज नगरपालिकाका कर्मचारीहरुको मागप्रति समर्थन जनाउने क्रम बढ्दै गएको छ । यसै क्रममा बुधबार गत स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट राजविराज नगरपालिकाको मेयर पदका प्रत्याशी इरसाद अंसारी, लोसपाका तर्फबाट मेयर पदका प्रत्याशी तथा वर्तमान राष्ट्रिय मुक्ति पार्टीका जिल्ला अध्यक्ष दिपेन्द्र चौधरी, समाजसेवी हितनारायण लाल दाससहित एक दर्जन सामाजिक अगुवाहरुले धर्नास्थलमै पुगेर एकयबद्धता जनाएका हुन् । उनीहरुले नगरपालिकामा भएको तोडफोडको भत्सना गर्दै कर्मचारीहरुमाथी कुटपिट र लुटपिटमा संलग्नहरुलाई पक्राउ गरि कडा कारवाही हुनुपर्ने माग समेत गरेका छन् ।



राजविराज नगरपालिकाका कर्मचारीहरुले विगत ६ दिनदेखि कुटपिट, गालीगलौज गर्नेमाथी कारवाही तथा काम गर्ने भयमुक्त वातावरणको माग गर्दै धर्ना कार्यक्रम गर्दै आएका छन् । जसकारण नगरपालिकाको कामकाज ठप्प भएको छ । कर्मचारीहरुले दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवम् भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता नभएसम्म आन्दोलनलाई जारी राख्ने अडान लिएका छन् । नेपाल नगरपालिका कर्मचारी एशोसिएसन राजविराज नगरपालिका ईकाइ समितिका अध्यक्ष कल्पना देवले घटनाको दोषीलाई कानून बमोजिम कारबाही गरी आगामी दिनमा कार्यस्थलको सुरक्षाको प्रत्याभूति दिलाउन, सेवामा काम गर्ने सहज वातावरण बनाउन एवम् भयमुक्त वातावरणमा सेवा प्रवाह सुनिश्चितता गराउन माग गरेका छन् । यस्तै कुटपिट र लुटपाटमा संलग्नलाई पक्राउ गर्नुका साथै कर्मचारीहरुले १५ वर्षदेखी करार सेवामा कार्यरत इन्जिनियर अशोक दासलाई कार्यपालिकाको पछिल्लो निर्णय अनुसार पुनः काममा लगाईनु पर्ने, दैनिक ज्यालादारी कर्मचारीको १६ दिनको बाँकी रहेको तलब भुक्तानी दिनु पर्ने, कुटपिट र तोडफोडमा संलग्न योजना अधिकृत मनोज यादव सहितका व्यक्तिलाई कारवाही तथा कर्मचारीको दुर्घटना बीमाको व्यवस्था लगायतका माग समेत अघि सारेका छन् । गत जेठ २७ गते मंगलबारका दिन नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको हाजरी गराउने सम्बन्धमा भइरहेको आन्दोलनको क्रममा राजविराज नगरपालिकाका निलम्बित मेयर भिमराज यादव, योजना शाखा प्रमुख मनोज कुमार यादव, सुधिर यादव लगायतका व्यक्तिहरुको समूहले राजविराज नगरपालिकाका कर्मचारीहरुलाई पूर्वाग्राही तथा सुनियोजित रुपमा गालीगलौज तथा कुटपिट गरेका थिए ।

# दुःखद संयोगः चार दिनअघि जन्ती, अनी मलामी

**मधेशदृष्टि**
**सप्तरी ।**
चार दिनअघि सप्तरीको रुपनी गाउँपालिका–१ मुख्य बजार क्षेत्रका गुलजार मियाँको घरमा गजबको रौनक थियो । उनका २४ वर्षीय छोरा मो. आजाद मियाँको विवाह समारोह भएकाले घर दुलही झैं सिंगारिएको थियो भने आफन्त, छरछिमेक र साथीहरुमा समेत उत्साह छाएको थियो । मो. आजादका साथीहरु सोही दिन साँझ नाचगान र रमाइलो गर्दै १८ किलोमिटर टाढा कडेरबोना बजार जन्ती गएका थिए । तर, चौथो दिन बुधबार त्यही आफन्त र साथीहरु मो. आजादको मलामी बनेर शोकपूर्ण माहोलमा सहभागी भए । दुर्भाग्य, गत आइतबार मात्रै विवाह भएको मो. आजाद चढेको मोटरसाइकललाई मंगलबार राती ट्याक्टरले ठक्कर दिँदा उनको मृत्यु भएको छ । राती ९:३० बजेतिर प्र.२–०१–००१प.३१३५ नम्बरको मोटरसाइकल चढेर



काम विशेषले शम्भुनाथ बजारतर्फ जाँदै गर्दा विपरीत दिशाबाट तिव्र गतिमा आउँदै गरेको स.१प.४१७२ नम्बरको ट्याक्टरले शम्भुनाथ चौक नजिकै ठक्कर दिँदा उनको मृत्यु भयो । प्रहरीका अनुसार ट्याक्टरको ठक्करबाट गम्भीर घाइते भएका उनको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । सो दुर्घटनामा उनीसँगै सवार सोही वडाका १८ वर्षीय मो. समिर मियाँ गम्भीर घाइते भएका छन् । उनको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ । ठक्कर दिने ट्याक्टर र चालक शम्भुनाथ नगरपालिका–१ बस्ने २७ वर्षीय कैलाश यादवलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बीमा प्राधिकरण र पत्रकार महासंघबीच अन्तरक्रिया




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा नेपाल पत्रकार महासंघ धनुषासँग बीमा सचेतनाका विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम बुधबार जनकपुरधाममा सम्पन्न भएको छ । महासंघको सभाहलमा आयोजित कार्यक्रममा बीमा प्राधिकरण मधेश प्रदेश प्रमुख प्रीति देवको अध्यक्षता तथा महासंघ धनुषाका अध्यक्ष पुरन साहले प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा महासंघका पदाधिकारी, वरिष्ठ पत्रकार तथा विभिन्न सञ्चार संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो । कार्यक्रममा स्वागत मन्तव्य दिँदै प्राधिकरणका सहायक निर्देशक शिवप्रसाद खनालले बीमा क्षेत्रको समग्र अवस्था, प्रदेशस्तरीय चुनौती र समाधानका उपायबारे विस्तृत जानकारी प्रस्तुत गरे । उनले बीमाको पहुँच विस्तारमा सञ्चारकर्मीको भूमिकालाई अपरिहार्य बताउँदै सूचनाको प्रभावकारी संप्रेषणले आममानिसमा विश्वास र सहभागिता बढाउने उल्लेख गरे । छलफलका क्रममा पत्रकारहरुले बाली बीमा प्रभावकारी नहुनु, बीमा दाबी प्रक्रियाको झन्झट, आयकर छुटको प्रावधान, एजेन्ट कमिसनको समस्या, कोरोना बीमा दाबी नआउनुजस्ता विविध प्रश्नहरू उठाए । नक्कली बीमा दाबीको बढ्दो प्रवृत्तिबारे पनि चासो व्यक्त गरियो । प्रमुख अतिथि पत्रकार महासंघका अध्यक्ष पुरन साहले बीमा प्रणालीलाई ढिलो प्रक्रिया (बिलम्ब मार्ग) बाट छिटो, पारदर्शी र विश्वासिलो बनाउनु आवश्यक रहेको बताए । उनले बीमाको जनचेतनामा महासंघ सकारात्मक भूमिका खेल्न सधैं तयार रहेको प्रतिबद्धता व्यक्त गरे । कार्यक्रमको सञ्चालन सहायक निर्देशक महेश मण्डलले गरेका थिए । समापनमा प्राधिकरण प्रमुख प्रीति देवले सञ्चारकर्मीहरूसँगको सहकार्य बीमा सचेतना अभिवृद्धिको लागि महत्वपूर्ण हुने विश्वास व्यक्त गरिन् ।

# पाँच वर्षपछि खानेपानी सुविधा




**सिरहा ।**
सिरहाको धनगढीमाई नगरपालिका–१३ स्थित डावर र नैनपुरटोलमा खानेपानी आयोजना सम्पन्न भएको छ । सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुरमार्फत १० करोड ९४ लाख लागतमा पाँच वर्षपछि निर्माण सम्पन्न भएको आयोजनाबाट वडा नं ११, १२ र १३ का एक हजारभन्दा बढी परिवार लाभान्वित भएका छन् । परीक्षणका रुपमा उपभोक्तालाई पानी वितरण गरिएको डावरटोल नैनपुरटोल खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष सर्वण ठकुरीले जानकारी दिए । खानेपानी तथा सरसफाइमन्त्री प्रदीप यादवले बिहीबार आयोजनाको औपचारिक उद्घाटन हुने कार्यक्रम रहेको उनले बताए । आयोजना उद्घाटनको तयारीमा आफूहरु रहेको उनले बताए । रासस

# ४२ लाखभन्दा बढीको सामानसहित ट्रक नियन्त्रणमा

**राजिव साह**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिका–१२ स्थित चेकपोष्टबाट प्रहरीले शंकास्पद बिल–बिजक भएका ४२ लाखभन्दा बढी मूल्यका सामानसहित एक ट्रक नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय कर्मेयाका अनुसार विशेष सूचनाको आधारमा प्रहरी नायव निरिक्षक सुभाष यादवको कमान्डमा खटिएको प्रहरी टोलीले वीरगंजबाट इटहरीतर्फ जाँदै गरेको बा.५ख ३०७ नम्बरको ट्रक (डब्बा)लाई रोकेर जाँच गर्दा ट्रकमा रहेको विभिन्न प्रकारका खुद्रा सामानहरुको बिल–बिजक शंकास्पद देखिएको थियो । ट्रकमा टायर, छर्ने औषधी, मोबिल, खाने तेल, रेगुलेटर, मोटर पाट्र्स, चिउ, किसमिस, छाता, कस्मेटिक, इलेक्ट्रोनिक सामग्रीलगायतका विभिन्न सामग्री लोड गरिएको प्रहरीले जनाएको छ । उक्त सामानहरुको अनुमानित मूल्य ४२ लाख ४० हजार ३४७ रुपैयाँ रहेको छ । ट्रक र सामान दुवैलाई आवश्यक अनुसन्धान तथा कारवाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको इलाका प्रहरी कार्यालय कर्मैयाले जनाएको छ ।

# २२ किलो गाँजासहित पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बारा र इलाका प्रहरी कार्यालय सिमराको संयुक्त टोलीले विशेष सूचनाका आधारमा लागूपदार्थ गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ परेका व्यक्ति जीतपुर सिमरा उपमहानगरपालिका–८ लोसण्डाका ४५ वर्षीय रामपुकार सहनी हुन् । प्रहरीका अनुसार सहनीलाई मंगलबार साँझ जीतपुर सिमरा–८ इम्लीप्रति क्षेत्रस्थित खेतमा दुई बोरा गाँजा लिएर गइरहेको अवस्थामा नियन्त्रणमा लिइएको हो ।
पक्राउ परेका सहनीसँग करीब २२ किलो गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डीएसपी विजयराज पण्डितले जानकारी दिए । बरामद गाँजालाई आवश्यक परीक्षणका लागि पठाइएको छ भने सहनीविरुद्ध लागूपदार्थ (नियन्त्रण) ऐन अन्तर्गत आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीको भनाइ छ । प्रहरीले गाँजाको स्रोत, सम्भावित नेटवर्क तथा संलग्न अन्य व्यक्तिको पहिचान गर्न अनुसन्धान जारी राखेको जनाएको छ । लागूपदार्थको कारोबारमा संलग्नहरुको गतिविधि न्यूनिकरण गर्न प्रहरीले सक्रिय निगरानी बढाएको समेत जनाएको छ ।

# शहीदको सम्मान सरकारको प्रमुख दायित्वः गृहमन्त्री

**मधेशदृष्टि**
**सप्तरी ।**
मधेश प्रदेश सरकारका प्रवक्ता तथा गृहमन्त्री राजकुमार लेखीले शहीदहरुको सम्मान हुने गरी सरकारका कामहरुलाई अगाडि बढाइरहेको बताएका छन् । बुधबार सप्तरीको सप्तकोशी नगरपालिका वडा नम्बर–३ को वडा सभालाई सम्बोधन गर्दै मन्त्री लेखीले वीर शहीदहरुको योगदानलाई सम्झनु र सम्मान गर्नु सरकारको प्रमुख दायित्व भएको उल्लेख गरे । गृहमन्त्री लेखीले शहीद परिवारका लागि पनि विशेष योजना तथा कार्यक्रमहरू प्रदेश सरकारले अघि बढाएको जानकारी दिए । सभामा उनले जनप्रतिनिधिका रुपमा आफू निर्वाचित भएदेखि नै गाउँ–टोलमा पुगेर सल्लाह, सुझाव लिँदै जनभावनालाई प्राथमिकता दिँदै आएको बताए ।

# पानी परेपछि जनजीवन सहज

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज र आसपासको क्षेत्रमा प्रचण्ड गर्मीपछि बुधबार पानी पर्दा जनजीवनमा केही सहजता आएको छ । पछिल्ला केही हप्तादेखि लगातार बढिरहेको तापक्रमका कारण दैनिक क्रियाकलापमा असहजता भोगिरहेका सर्वसाधारणलाई पानी परेपछि राहत मिलेको हो । गत साता वीरगंजको तापक्रम ४२ डिग्री सेल्सियससम्म पुगेको थियो । अत्यधिक गर्मीका कारण विद्यालयहरू बन्द गरिएको थियो भने अस्पतालहरूमा गर्मीजन्य समस्या लिएर आउने बिरामीको संख्या क्रमिक रुपमा बढ्दै गएको चिकित्सकहरुले बताउँदै आएका छन् । गर्मीका कारण दैनिक मजदुरीमा जाने वर्ग सबैभन्दा बढी प्रभावित भएका थिए । मौसम पूर्वानुमान महाशाखाका अनुसार आगामी दुई दिनसम्म मध्यम वर्षाको सम्भावना रहेको छ । मौसमविद्हरुले अहिलेको झरी मनसुन प्रवेशसँग सम्बन्धित नभई स्थानीय मौसमी गतिविधिका कारण आएको प्रारम्भिक वर्षा भएको जनाएका छन् । वीरगंजका किसानहरू भने यस झरीलाई आगामी धान खेतीको तयारीका लागि सकारात्मक रुपमा लिएका छन् ।

# जनताद्वारा बहुदरमाई मन्दिरमा सामूहिक पूजापाठ

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल जनता पार्टी, पर्सा जिल्ला समितिको आयोजनामा बहुदरमाई नगरपालिकास्थित ऐतिहासिक तीर्थस्थल बहुदरमाई भगवती मन्दिरमा सामूहिक पूजापाठ कार्यक्रम सम्पन्न गरिएको छ । नेपाली जनताको सुख, शान्ति, समृद्धि तथा सनातन हिन्दु राष्ट्र नेपाल पुनः स्थापनाको लक्ष्यसहित आयोजित पूजापाठ कार्यक्रममा पार्टीका केन्द्रदेखि स्थानीय तहसम्मका नेताहरुको उल्लेखनीय उपस्थिति रह्यो । पार्टीका जिल्ला अध्यक्ष अनिल कुर्मीको नेतृत्वमा सम्पन्न पूजापाठमा केन्द्रीय वरिष्ठ नेता सन्तोष पटेल, केन्द्रीय सदस्य अधिवक्ता विनोद प्रसाद कुर्मी, जिल्ला मन्त्री प्रमोद शर्मा, सह–कोषाध्यक्ष सन्तोष कुशवाहा, जिल्ला सदस्य मुना साह तेली तथा बहुदरमाई नगरपालिका समितिका नेता–कार्यकर्ताहरुको सहभागिता रहेको थियो । वरिष्ठ नेता पटेलले धर्मनिरपेक्षताको नाममा हिन्दु धर्म र संस्कृति माथि योजनाबद्ध हमला भइरहेको आरोप लगाए । उनले भने, ‘हामीमाथि विदेशी शक्तिको इसारामा जबरजस्ती धर्मनिरपेक्षता थोपरिएको छ । हिन्दु राष्ट्र नेपाल सम्पूर्ण नेपालीको साझा अस्मिता हो, त्यसको पुनःस्थापनाका लागि हाम्रो संघर्ष जारी रहनेछ ।’ पूजापाठपछि सहभागीहरुले हिन्दु संस्कृति, परम्परा र राष्ट्रिय पहिचानको संरक्षणको माग गर्दै हिन्दु राष्ट्र पुनः स्थापनाको अभियानलाई अझ सशक्त र संगठित रुपमा अघि बढाउने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा स्थानीय श्रद्धालुहरुको समेत उल्लेखनीय सहभागिता देखिएको थियो ।

**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhesh Province, Nepal**

**Notice of Intent to Award the Contract**

**(Date of Publication: 2082-03-05)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of the Public Procurement Act, 2063, this is to notify all the bidders who submitted their bids electronically for below Mentioned work and Goods that the following listed Lowest Evaluated Substantially Responsive Bidder has been selected for the award of the Contract.

| Contract no. | Name of Contract | Bidder's Name & Address | Accepted Bid Price (Ex.VAT) |
|---|---|---|---|
| 14/2081/82/SQ/GOODS | Procurement of Mobile Toilet Van with Multiple Cabin Mount on Tractor Towable Trolley as per approved Specification | M/S Global Trading, Bardibaas-14, Mahottari | 13,75,000.00 |
| 16/2081/82/NCB/GOODS | Procurement of SUV Vehicle (2WD) as per approved specification | M/S Richa Motors Pvt.Ltd., Janakpurdham-14 | 74,00,884.96 |
| 19/2081/82/NCB/GOODS | Procurement of Motorcycle as per approved Specification | M/S Om Automobiles, Janakpurdham-14 | 52,25,840.75 |
| 24/2081/82/NCB/WORKS | Supply and Installation of Sensor Light | M/S J.B.Traders, Janakprdham-2 | 12,47,000.00 |
| 28/2081/82/SQ/WORKS | Installation of Hand Pipe With Platform at Different Wards in Janakpurdham | M/S Matarani Builders, Janakpurdham-12 | 14,44,865.50 |

- Chief Administrative Officer

सम्पादकीय

# हत्याजस्तो अपराधमा किन ढाकछोप ?

*घटना रौतहटको हो । एउटी युवतीको हत्या प्रकरणमा प्रहरीले अनुसन्धान नै प्रभावित पार्न खोजेको भन्दै पीडित पक्ष वीरगंज पुगेर पत्रकार सम्मेलन गर्नु पर्ने अवस्था कसरी आयो ? कटहरिया नगरपालिका–५ मा वैशाख २८ गते भएको सानिया प्रविनको मृत्यु प्रकरणमा भारत, बिहार राज्य पूर्वी चम्पारण सुगौली राय टोलाका मोलाजिम रोशनको परिवार न्याय नपाइएको भन्दै वीरगंज पुसगेर पत्रकार सम्मेलनमा उत्रिएका हुन् । सानियाको मुस्लिम परम्पराअनुसार मागीविवाह भएको हो र दाइजोमा नगद, मोटरसाइकललगायतका सामग्री दिन नसकेकै कारण मानसिक र शारीरिक यातनाबाट हत्या भएको माइती पक्षको आरोप छ । यति मात्र होइन, सासु, ससुरा र पतिले नै हत्या गरेको माइती पक्षको आरोप छ । यति मात्रै होइन, उनीहरुले हत्या भएकी युवतीकी बहिनीलाई समेत मारेर फालिदिने धम्की दिएको परिवारजनको आरोप छ ।*

*यस्तै अवस्था रौतहट प्रहरी किन तमासे बनेर बसेको छ ? त्यहाँको नागरिक समाज, सञ्चारसंस्था पनि रमिते बन्नु पर्ने बाध्यता के हो ? यो घटनालाई प्रभावित पारेर रौतहट प्रहरीलाई कुन दर्जाको उपहार, सम्मान र पदक मिल्नेवाला छ ? आँशु र रगतले पोल्छ भन्छन् । पक्कै अन्याय गर्नेलाई पोल्छ पनि । यसरी पोल्दा यातना दिएर हत्या गर्ने उद्योग चलाउनेलाई मात्र पोल्ला कि ? यसमा रमिते बनेर बस्नेहरुलाई पनि पोल्ला ? यदि यस्तो डरत्रास भए त पक्कै अन्याय परेकालाई न्याय दिउँ भनेर किन बोल्दैन समाज अनि किन कारबाहीको कठघरामा आरोपीलाई ल्याउन सक्दैन प्रहरी प्रशासन ?*

*यता, बाराको कलैया उपमहानगरपालिका–१४ बघवन टोलमा पुरानो रिसिइबीका कारण कुटपिटमा एक जनाले ज्यान गुमाएका छन् । जेठ २९ गते साँझ करिब ६ बजेर १५ मिनेटको समयमा ५० वर्षीय नन्दु राउत कुर्मी स्थानीय उमेश जैसवालसहित ६ जनाको समूहको सामूहिक कुटपिटमा परेर गम्भीर घाइते भए । उपचारक्रममा प्रादेशिक अस्पताल, कलैयामा उनको मृत्यु भयो । २८ वर्षीय दिगम्बर साह कलवार पक्राउ परेपछि उमेश जैसवालकी पत्नी ३८ वर्षीया रञ्जु जैसवाल, उनका छोरा २० वर्षीय सुमित जैसवाल र १८ वर्षीय सुजित कुमार जैसवाल पनि पक्राउ परेका छन् । पुरानो रिसइबीले अहिले सबै प्रहरी हिरासतमा छन्, केही भागेर बसेका छन् । एक न एक दिन कारबाही भोग्नै पर्छ । रिस, लोभ, घमण्डले मानव हित गर्दैन भने पनि किन मानिस सहनैसक्दैनन् र अपराधमा उत्रन्छन् ? यो हदको अपराधयुक्त समाजलाई कसरी शान्त बनाउने ? कोही सोच्दैनन् । बरु अपराध लुकाउन सबै मौन बस्छन् ।*

# सङ्घ र प्रदेशको अधिकारको विवादले वन मुद्दा फछ्र्यौट हुनै सकस



हिमाल लम्साल

डिभिजन वन कार्यालय कार्यालय पर्सामा २०७७ साल चैत १० गते अवैध रुपमा ११ दशमलव ८४ क्यूफिट 'ए' ग्रेडको सालको वन पैदावर ओसारपसार गरेको अभियोगमा पर्साका तीन जना विरुद्ध मुद्दा दर्ता भयो । वीरगंज महानगर वडा नम्बर २९ का रतनपुरका कासिम मिया नेटुवा, वीरगंज–३२ का परसवाका रामलाल महतो र सुखल महतोले अवैध रुपमा वनपैदावर ओसारपसार गरेको कसुरमा मुद्दा दर्ता भएको पनि चार वर्ष बितिसक्यो । तर अहिलेसम्म पनि सो मुद्दा किराना लाग्न सकेको छैन । उक्त मात्रै होइन् २०७७ साल चैत १३ गते पनि पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर १ का सखुनियाँ टाँडीका शिव शर्माले सात दशमलव ७३ क्यूफिट 'सी' ग्रेडको सालको काठ अवैध ओसारपसार गरेको अभियोगमा डिभिजन वन कार्यालयमा मुद्दा दर्ता भयो । तर, शर्मा कसुर रहेको मुद्दाको छिनोफानो भने अझैसम्म पनि हुन सकेको छैन ।

त्यस्तै २०७७ साल चैत १३ गते बहुदरमाई नगरपालिका वडा नम्बर ४ डोकैलाका राजकुमार साह र सोही नगरपालिकाका वडा नम्बर २ बस्ने मोतिलाल साहले १३ दशमलव ४१ क्यूफिट काठ अवैध ओसारपसार गरेको कसुरमा दर्ता भएको मुद्दाको अहिलेसम्म किनारा लाग्न सकेको छैन ।

यी केही प्रतिनिधिमुलुक घटना मात्रै हुन । मुलुक सङ्घीय संरचनामा गएपनि वनसँग सम्बन्धित ऐन, कानून सङ्घीय सरकार र प्रदेश सरकारबीच अधिकार र क्षेत्राधिकारको विषय बाझिँदा वन मुद्दाको निरुपण गर्न समस्या थपिँदै गइरहेका ज्वलन्त उदाहारण हुन् ।

मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ र वन ऐन,२०७६ का कतिपय प्रावधानले अहिले पनि जिल्ला अदालत र डिभिजन वन कार्यालयबीच क्षेत्राधिकारको विवादको कारणले वनसँग सम्बन्धित मुद्दा सात वर्षदेखि अल्झिँदै आइरहेका छन् ।

विसं २०७५ १ भदौदेखि कार्यान्वयनमा आएको मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ अनुसार सरकारवादी मुद्दा सङ्घीय सरकारको प्रतिनिधिले मात्र चलाउने व्यवस्था भएपछि वन तथा पैदावारसँग जोडिएको मुद्दा फछ्र्यौटमा समस्या देखिएको हो । अर्काेतर्फ वन ऐन, २०७६ को दफा ६७ मा यस ऐनअन्तर्गत रु दुई लाखसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्धा सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन् भन्ने व्यवस्था छ । तर, अहिले डिभिजनल वन अधिकृत (डिएफओ) भने प्रदेश सरकार मातहतका छन् । यस कारणले पनि जिल्लामा दर्ता भएका वन मुद्दा फछ्र्यौट गर्न कानूनी अड्चन देखिएको हो ।

डिभिजन वन कार्यालय पर्साका डिभिजनल वन अधिकृत मञ्जुर अहमदले वन मुद्दासँग टुङ्गो लगाउनका लागि कानूनी जटिलता र अड्चन भएकाले पनि समयमै मुद्दा फछ्र्यौट गर्न चुनौती थपिएको बताउनुहुन्छ ।

'वन ऐन २०७६ को दफा ६७ मा यस ऐनअन्तर्गत रु दुई लाखसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा नेपाल सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन भन्ने व्यवस्था छ,' उहाँले भन्नुभयो, 'अहिले डिभिजनल वन अधिकृत प्रदेश सरकार मातहतको रहेका छन् । तर, कानूनी व्यवस्थामा सङ्घीय डिभिजन वन अधिकृतले गर्ने भन्ने व्यवस्थाको कारणले पनि वन मुद्दालाई किनारा लगाउनका लागि ठाउँपिच्छे नै फरक–फरक रहेको छ । कतै प्रदेशका डिभिजन वन अधिकृतले मुद्दाको किनारा लगाउँदै आइरहनुभएको छ । त कतै पनि सो मुद्दा किनारा लगाउन समस्या भइरहेको छ ।' डिभिजन वन कार्यालय पर्साकाका अनुसार आव २०७५–७६ देखि आव २०८१–८२ चैत मसान्तसम्मको अवधिमा डिभिजन वन कार्यालयमा अवैध वन पैदावार चोरीसँग सम्बन्धित एक सय ८९ मुद्दा छन् । त्यस्तै अदालतमा विचाराधीन अवैध वनपैदावरसँग सम्बन्धित २७ वटा मुद्दा रहेका छन् । कार्यालयमा वन्यजन्तु चोरी सिकारीसम्बन्धी मुद्धा छ वटा छन् । त्यस्तै अवैध ढुङ्गा गिटी बालुवा ओसरपसारसँग सम्बन्धित एक र अतिमक्रमणसँग सम्बन्धित दुई र वन्यजन्तुसँग सम्बन्धित मुद्दा छ वटा छन् । कार्यालयका अनुसार कार्यालयसँग समग्रमा १ सय ९५ वटा मुद्दा रहेका छन् भने जिल्ला अदालतमा ३३ वटा मुद्दा विचाराधीन अवस्थामा छन् । मधेश प्रदेश वन निर्देशनालयका प्रदेश वन निर्देशक जगन्नाथप्रसाद जयसवालले कानूनी दुविधा देखिएकाले यो समस्या एउटा डिभिजन वन कार्यालयसँग सम्बन्धित नभएर मुलुकभर रहेका ८४ वटै कार्यालयमा समस्या देखिएको बताउनुभयो ।

'गत वैशाख ३० र ३१ गते काठमाडौँमा भएको ८४ वटै जिल्लाका डिभिजन वन कार्यालयका प्रमुखहरुको बैठकमा पनि यो विषय जोडतोडले उठेको थियो,' उहाँले भन्नुभयो, 'यो विषयमा वन तथा वातावरण मन्त्रालय मन्त्री, मुख्यसचिव तथा महान्याधीवक्ताको कार्यालयलाई जानकारी गराइसकेका छौँ । सम्भवत् उहाँहरुले आवश्यक कानूनी समस्या सल्टाएर यो विवाद अन्त्य गर्नुहोला भन्ने अपेक्षा राखेका छौँ ।' प्रदेश वन निर्देशक जयसवालले कानूनी अड्चनकै कारणले समयमै सहज र सरल ढङ्गले न्याय प्राप्तिमा असर पारिरहेको बताउनुहुन्छ । यो अधिकारको विवाद जति धेरै लम्बिँदै जान्छ । त्यति नै न्याय निरुपणमा समस्या थपिँदै जानेछ । जतिसक्दो छिटो न्याय निरुपण गर्न आवश्यक भइसकेको छ उहाँको भनाइ छ ।

जिल्ला सरकारी वकिल कार्यालय पर्साका कार्यालय प्रमुख भोलानाथ निरौलाले वन पैदावरसँग सम्बन्धित मुद्दा सङ्घीय सरकार मातहतको डिभिजन वन अधिकृतले हेर्ने कानूनी व्यवस्था भएकाले मधेश सरकार मातहतका डिभिजन अधिकृतले हेर्न नमिल्ने अवस्था रहेको बताउनुभयो । 'क्षेत्राधिकार सङ्घीय डिभिजनल वन अधिकृतलाई दिएकाले पनि सो मुद्दाको निरुपण हुन सकिरहेको छैन,' उहाँले भन्नुभयो, 'हामीले त मौजुदा कानूनमा जे उल्लेख गरिएको छ । सोही बमोजिम नै कार्यान्वयन गर्दै आइराखेका छौँ । क्षेत्राधिकार नभएको कुरालाई दिन सकिने कुरा पनि भएन नि ।'

वन ऐन,२०७६ को दफा ६२ मा ऐन बमोजिम एक वर्षसम्म कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्रदेश सरकारको कर्मचारीले गर्ने व्यवस्था उल्लेख छ । ऐनमा भनिएको छ, 'यस ऐन बमोजिम एक वर्षभन्दा बढी कैद सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको नेपाल सरकारको कर्मचारीले गर्नेछ ।'

त्रिभुवन विश्वविद्यालय वन विज्ञान अध्ययन संस्थानका प्रा डा राजेश राईले दुवै कानून आएको झण्डै सात वर्ष बित्दासमेत सङ्घ र प्रदेश सरकारबीचको अधिकार स्पष्ट किटान गर्न नसक्दा समस्या भएको बताउनुभयो ।

'नेपालको संविधान २०७२ मा फौजदारी मुद्दा नेपाल सरकारको हुने व्यवस्था छ,' उहाँले भन्नुभयो, 'वन ऐन, २०७६ मा डिएफओ प्रदेश सरकार मातहत हुने भएको छ । तर, सोही ऐनको दफा ६७ मा यस ऐनअन्तर्गत दुई लाख रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुने मुद्दा सरकारको डिभिजनल वन अधिकृतले कारबाही र किनारा गर्नेछन् भन्ने व्यवस्थाकै कारणले अहिले वनपैदावरसँग मुद्दाको फछ्र्याैट हुन नसकेको हो ।' प्रा डा राईले प्रदेशलाई अधिकार दिए जस्तो पनि गर्ने तर पूर्णरुपमा अधिकार नदिँदा अहिलेको समस्या उत्पन्न भएको बताउनुहुन्छ । 'अहिले देखिएको समस्या निरुपणको उपाय भनेको नै मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ र वन ऐन, २०७६ को प्रावधानलाई संशोधन गर्नुपर्ने हुन्छ,' उहाँले भन्नुभयो । वन मुद्दाको फछ्र्यौट मात्रै नभएर सशस्त्र वन रक्षक सङ्घीय सरकार मातहत छन् । तर, अहिले प्रदेश सरकार मातहतका डिएफओले सशस्त्र वन रक्षकलाई खटाउँदै आइरहेको अवस्था छ । डिभिजनल वन अधिकृत अहमद कतिपय जिल्लामा डिभिजनल वन अधिकृत, जल्ला सरकारी वकिल कार्यालय र न्यायाधीशको समन्वयमा वनपैदावारसँग सम्बन्धित मुद्दा सहमतिमा अदालतबाट सल्टाउने गरिएको दाबी गर्नुहुन्छ । रासस

# कति शक्तिशाली छन् आयतोल्लाह अली खामेनेइ र परिवार ?

अलेक्साान्ड्रा फ्रुशे

हाल जारी द्वन्द्वबीच इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनेइको हत्या गर्ने इजरेली योजनालाई 'राम्रो सोच नभएको' भन्दै संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनल्ड ट्रम्पले अस्वीकार गरिदिएको अमेरिकी सञ्चारमाध्यमहरूले जनाएका छन् । आफ्नो अस्तित्वमाथि खतरा उत्पन्न गराउने इरानको परमाणु क्षमतालाई नष्ट पार्ने इजरेलको घोषित लक्ष्यबाहेक इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले अहिलेको सैन्य हमला त्यहाँ सत्ता परिवर्तनको कारक हुन सक्ने बताएका छन् ।

यसअघि नेतन्याहूले इरानका जनतालाई सीधै आह्वान गर्दै त्यहाँका नेताहरूविरुद्ध बाहिर आउन अनुरोध गरेका थिए । इरानका सर्वोच्च नेता को हुन्, देशमा उनको शक्ति कति छ र मुलुकको राजनीतिमा उनको परिवारको भूमिका के हुन्छ भन्नेबारे हामी यहाँ चर्चा गर्दै छौँ ।

आयतोल्लाह अली खामेनेइ सन् १९७९ को इस्लामिक क्रान्तियताका दोस्रा सर्वोच्च नेता हुन् र सन् १९८९ यता उनी सर्वोच्च पदमा छन् । युवा इरानीहरूले अली खामेनेइ सर्वोच्च पदमा नरहेको शासनकाल भोग्न पाएका छैनन् ।

उनी इरानी सत्ताको एउटा जटिल जालोको केन्द्रमा छन् जो सार्वजनिक नीतिसम्बन्धी मामिला एवम् सार्वजनिक पदका उम्मेदवार चयन प्रक्रियामा विशेषाधिकार प्रयोग गर्ने अधिकार राख्छन् । राष्ट्रप्रमुख तथा सेनाप्रमुखको हैसियतले उनको पदलाई एकदम शक्तिशाली बनाएको हो । सेनाभित्र इरानी रेभोलुशनरी गार्ड कोर (आइआरजिसी) पनि पर्छ । अली खामेनेइ इरानको दोस्रो ठूलो शहर मशहादमा सन् १९३९ मा जन्मिएका हुन् । धार्मिक परिवारमा जन्मिएका उनी आमाबुवाको आठमध्ये दोस्रो सन्तान हुन् । इरानमा वर्चस्व रहेको शिया मुस्लिम समुदायका उनका बुवा मध्यम तहका धार्मिक गुरु थिए ।

अली खामेनेइको अध्ययनमा कुरानको शिक्षा मुख्य रूपमा रहेको छ । एघार वर्षका उमेरमा उनी धार्मिक गुरुका रूपमा दीक्षित भएका थिए । तर धार्मिक गुरुहरूको भूमिका आध्यात्मिकभन्दा राजनीतिक बढी हुने गरेको अभ्यासबीच अली खामेनेइको पनि सोही किसिमको भूमिका रह्यो । एक प्रभावकारी वाक्पटु अली खामेनेइ इरानका शाहको आलोचक खेमामा जोडिए । इरानको राजतन्त्र इस्लामिक क्रान्तिबाट फालिएको थियो ।

कैयौँ वर्षसम्म उनी भूमिगत रहे अथवा उनले जेलमा बिताए । उनी शाहका गोप्य प्रहरीहरूद्वारा छ पटकसम्म गिरफ्तारीमा परे– यस क्रममा यातना झेल्नुका साथै उनी आन्तरिक रूपमा निर्वासित पनि भए । सन् १९७९ को इस्लामिक क्रान्तिको एक वर्षपछि आयतोल्लाह रुहुल्लाह खोमेइनीले राजधानी तेहरानका लागि उनलाई शुक्रवारको साप्ताहिक प्रार्थनाका नेतृत्वकर्तामा चयन गरे । पछि अली खामेनेइ सन् १९८१ मा इरानको राष्ट्रपति पदमा निर्वाचित भए । सन् १९८९ मा उनलाई धार्मिक अगुवाहरूले आयतोल्लाह खोमेइनीका उत्तराधिकारीका रूपमा चयन गरे । छयासी वर्षको उमेरमा खोमेइनीको निधन भएको थियो ।

**उनका छोरा मोज्तबा कति शक्तिशाली छन् ?**

अली खामेनेइ विरलै विदेश जान्छन् र मध्य तेहरानमा आफ्नी श्रीमतीसँग उनले साधारण जीवन बिताउँदै आएको बताइन्छ । उनलाई बगैँचामा फूलहरू हेर्न र कविता मन पर्ने बताइन्छ । जवानीमा उनले धूमपान गर्ने गरेको बताइन्छ जुन कुरा इरानमा धार्मिक गुरुहरूबीच स्वाभाविक मानिँदैन । सन् १९८० को दशकमा गरिएको खामेनेइको हत्या प्रयासपछि उनको दाहिने हातले काम गर्न छोडेको हो । उनी र उनकी श्रीमती मन्सुरेह खोज्स्तेह बकेरजादेहका चार छोरा र दुई छोरी छन् ।

सार्वजनिक कार्यक्रम अथवा सञ्चारमाध्यममा खामेनेइको परिवार विरलै देखिन्छ भने उनका सन्तानहरूको निजी जीवनबारे आधिकारिक र प्रमाणित सूचना सीमित मात्रामा मात्रै पाइन्छ । चार छोरामध्ये माहिला छोरा मोज्तबा चाहिँ आफ्नो प्रभाव र बुबाको भित्री 'सर्कल'मा महत्त्वपूर्ण भूमिका खेल्ने गरेका कारण परिचित छन् । मोज्तबाले तेहरानस्थित अलावी हाइस्कूलमा अध्ययन गरेका हुन् । स्कूलमा धेरैजसो इस्लामिक गणतन्त्रका उच्च पदस्थ अधिकारीका छोराछोरी पढ्ने गरेका छन् ।

मोज्तबाको बिहे एक अग्रणी रूढीवादी गोलाम अली हदाद आदेलकी छोरीसँग भएको छ । धार्मिक गुरु नहुँदै र कोम शहरमा उच्च शिक्षाको योजना बनाइरहँदा उनको बिहे भएको थियो । तीस वर्षको उमेरमा उनले कोम सेमिनरीमा औपचारिक धार्मिक अध्ययन शुरू गरे । सन् २००० को बीचको दशकदेखि राजनीतिक वृत्तमा मोज्तबाको प्रभाव प्रस्ट रूपमा देखिन थाल्यो । हुन त यो कुरा सञ्चारमाध्यममा विरलै स्वीकार गरिएको छ । सन् २०२४ को विवादास्पद राष्ट्रपतीय निर्वाचनका बेला महमुद अहमदीनेजादको पक्षमा पर्दा पछाडिबाट काम गरेको भन्दै राष्ट्रपति पदका एक अग्रणी उम्मेदवार मेहदी करोबीले अली खामेनेइलाई एउटा खुलापत्र लेखेपछि मोज्तबा थप चर्चामा आएका थिए ।

इरानमा सन् २०१० यता उनी अति शक्तिशाली व्यक्तिमध्येका एकका रूपमा मानिने गरिन्छन् । अपुष्ट विवरणहरूका अनुसार खामेनेइले आफूलाई प्रतिस्थापित गर्ने रुचाइएका उम्मेदवारका रूपमा मोज्तबालाई लिने गरेका छन् । तर कतिपय आधिकारिक स्रोतहरूले यो कुरालाई अस्वीकार गरेका छन् । हुन त अली खामेनेइ कुनै राजा होइनन् र उनी आफ्ना छोरालाई सजिलै गद्दी हस्तान्तरण गर्न सक्दैनन्, तर आफ्ना बुबाको 'सर्कल'भित्र मोज्तबाको उल्लेख्य सामथ्र्य रहेको छ । त्यसमा सर्वोच्च नेताको कार्यालय पनि पर्छ जसले संवैधानिक निकायहरूलाई समेत छायामा राख्छ ।

मुस्तफा खामेनेइ चाहिँ परिवारका जेठा छोरा हुन् । उनकी श्रीमती अजिजोल्लाह खोस्वाग्तकी छोरी हुन् जो रुढीवादी धार्मिक गुरु हुन् । सन् १९८० को दशकमा भएको इरान–इराक युद्धका बेला मुस्तफा र मोज्तबा दुवैले अग्रपङ्क्तिमा लडाइँ गरेका थिए । अली खामेनेइका साहिँला छोरा मसूदको जन्म सन् १९७२ मा भएको हो । उनले सुसन खराजीसँग बिहे गरेका छन् । सुसन कोम सेमिनरीको शिक्षक सङ्घसँग आबद्ध चिरपरिचित धार्मिक गुरु मोहसिन खराजी र सुधारवादी झुकाव भएका पूर्वकूटनीतिज्ञ मोहम्मद सादेग खराजीकी बहिनी हुन् ।

मसूद खामेनेइ राजनीतिदेखि टाढा बस्दै आएका छन् र सार्वजनिक रूपमा उनीबारे खासै जानकारी छैन । उनले आफ्ना बुवाको जीवनवृत्तान्त र संस्मरणहरू सङ्कलन गर्दै आएका छन् । अली खामेनेइका कान्छा छोरा मेयसामको जन्म चाहिँ सन् १९७७ मा भएको हो । आफ्ना तीन दाजुहरू जस्तै उनी पनि एक धार्मिक गुरु हुन् । उनकी श्रीमतीको नाम सञ्चारमाध्यममा आएको छैन । उनी एक सम्पन्न तथा प्रभावशाली व्यापारी महमुद लोलचिआनकी छोरी हुन् ।

लोलचिआनले सन् १९७९ को क्रान्तिअघि धार्मिक गुरुहरूलाई आर्थिक रूपमा सघाउँदै आएका थिए । मेयसामले आफ्ना दाजु मसूदसँगै आफ्ना बुवाका कामहरूको संरक्षण तथा प्रकाशनसम्बन्धी कार्यालयमा काम गरेका छन् । अली खामेनेइका दुईजना छोरीबारे सार्वजनिक जानकारी खासै धेरै छैन । बुशरा र होदा खामेनेइका कान्छा सन्तान हुन् । उनीहरूको जन्म सन् १९७९ को इस्लामिक क्रान्तिपछि भएको हो । बुशराको जन्म सन् १९८० मा भएको हो । उनको बिहे खामेनेइको कार्यालयका 'चीफ अफ स्टाफ' गोलामहोसैन मोहम्मद गोल्पयेगनीका छोरा मोहम्मद जवाद मोहम्मदी गोल्पयेगनीसँग भएको छ ।

होदा अली खामेनेइ परिवारको सबैभन्दा कान्छी हुन् जसको जन्म सन् १९८१ मा भएको थियो । उनको बिहे मेस्बाह अल होदा बगेरी कानीसँग भएको छ । मार्केटिङ विषय पढेका उनी इमाम सादिक विश्वविद्यालयमा अध्यापन गर्छन् । (बीबीसी)

# प्रधानमन्त्रीसमक्ष सुझाव प्रतिवेदन हस्तान्तरण



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीसमक्ष आदिवासी जनजाति आयोगले काठमाडौँ–तराई÷मधेस दूरतमार्ग सडक आयोजनाको सुरु विन्दुलाई ललितपुरको गोदावरी नगरपालिका–८ स्थित डुकुछापमा स्थानान्तरण गर्न सुुझावसहितको अध्ययन प्रतिवेदन बुधवार हस्तान्तरण गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आयोगका अध्यक्ष रामबहादुर थापामगरले सो प्रतिवेदन प्रधानमन्त्री ओलीलाई हस्तान्तरण गरेका हुन । प्रतिवेदनमा उक्त आयोजनाको हालको प्रवेश विन्दु ललितपुर महानगरपालिका–२१ को खोकनाको फुडोलमा कायम हुँदा आदिवासी नेवार समुदायको विस्थापनको जोखिम निम्त्याएको तथा स्थानीयवासीको मानवअधिकारको उल्लङ्घन भएको र बागमती नदी सफाइ सुधार आयोजनाको कार्यान्वयनबारे संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयअन्तर्गतको कार्य समूह र विशेष र्यापोर्टरबाट व्यक्त चासोका सम्बन्धमा नेपाल सरकारले पठाउनुपर्ने जवाफको कार्यमा सघाउन आयोगले सो प्रतिवेदन दिएको हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मानवअधिकार तथा अन्तरराष्ट्रिय सन्धि सम्झौता महाशाखाले आयोगलाई सुझाव प्रतिवेदन दिन आग्रह गरेको थियो ।
प्रतिवेदनमा खोकना क्षेत्र नेवार समुदायको धार्मिक तथा सांस्कृतिक सम्पदा रहेकोले डुकुछापमा स्थानान्तरण गर्न उपयुक्त हुने उल्लेख गरिएको छ । साथै नेपाल सरकारले यस्ता आयोजाना सञ्चालन गर्दा स्थानीय आदिवासी जनजाति समुदायसँग पूर्वसुसूचित स्वतन्त्र सहमति लिन सुझाव दिइएको छ ।रासस

# पार्टीमा देखिएको समस्या समाधानमा नेतृत्व सक्षमः पौडेल



**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपाध्यक्ष एवम् उपप्रधान तथा अर्थमन्त्री बिष्णुप्रसाद पौडेलले पार्टीमा देखिएका समस्याको समाधान गर्न नेतृत्व सक्षम भएको बताएका छन ।
एमाले जनसङ्गठन संयन्त्रको बैठकलाई बुधवार सम्बोधन गर्दै उनले एमालेमा केही समस्या भए पनि तिनलाई विधि, विधानको माध्यमबाट समाधान गरिने बताए । एमालेउपाध्यक्ष पौडेलले समकालीन राजनीतिक पार्टीमा एमाले नै कम आन्तरिक समस्या भएको पार्टी रहेको उनले बताए । ‘कतै पनि सग्लो पार्टी भेटिदैन । धोएको मूला जस्तो, गङ्गाजल जस्तो पार्टी भेटिदैन’ उहाँले भने, ‘तर एमाले कम आन्तरिक समस्या भएको पार्टी हो । जे जस्ता समस्या पार्टीमा देखिन्छन् तिनलाई समाधान दिन वर्तमान नेतृत्व सक्षम छ ।’
उपाध्यक्ष पौडेलले पार्टीको विधान महाधिवेशन नजिकिँदै गरेकोले त्यसको तयारीमा पार्टी लागि रहेको जानकारी दिए । ‘विधान महाधिवेशन अघिल्लो विधान महाधिवेशनदेखि हालसम्म पार्टी सङ्गठन सञ्चालनमा देखिएका समस्यालाई वैधानिक रुपमा नै सुधार गर्ने विधि तय गर्नेछौँ’, उनले भने, ‘केन्द्रीय कमिटीले विधानमा संशोधन गर्नुपर्ने विषयहरु प्रस्ताव गर्दछ । यी विषयहरु हामी महाधिवेशन प्रतिनिधिलाई पहिले नै पठाएर थप समृद्ध गर्न भन्नेछौँ ।’ उनले विधान महाधिवेशन नै नभइ पार्टी नेतृत्वका विषयमा अनावश्यक अनुमान गर्ने र विभाजित हुने काम नगर्न जनसङ्गठनलाई निर्देशन दिए ।
‘विधान महाधिवेशनभन्दा पहिला नेतृत्वको विषयमा छलफल नगरौं,’ उनले भने, ‘विधान महाधिवेशनले विधि तय गरेपछि नेतृत्वको बारेमा छलफल गरौँला । एमालेमा नेतृत्वको विषयमा कुनै समस्या छैन ।’ उपाध्यक्ष पौडेलले पार्टी र जनसङ्गठनमा देखिएको शिथिलतालाई चिर्न सबै लाग्नुपर्ने बताए ।
उनले पार्टी निर्माणमा जनसङ्गठनको सशक्त भूमिका निर्वाह गर्नुपर्ने बताए । २०४६÷४७ को जनआन्दोलन र २०६२÷६३ दोस्रो जनआन्दोलनमा जनसङ्गठन धेरै सशक्त भएको स्मरण गर्दै उनले वर्तमान अवस्थामा जनसङ्गठन सुुस्ताएको बताए । ‘जनसङ्गठन पार्टीको नर्सरी हो । यहाँ रोपेका बिरुवा हुर्किएपछि पार्टीमा सारिन्छ’, उनले भने, ‘त्यसैले मूलरुपमा पार्टीको सम्पर्कमा नयाँ मानिसहरुलाई ल्याउने काम जनसङ्गठनको नै हो । तर अहिले कतिपय जनसङ्गठनले पार्टीकै कार्यकर्ता लगेर सङ्गठित गर्ने अनि फेरि पार्टीमै फर्काइ दिने गरेका छन् । यसले सङ्गठन र पार्टीको विस्तार हुँदैन ।’
जनसङ्गठन संयन्त्रका इञ्चार्ज भानुभक्त ढकालले नवनिर्वाचित जनसङ्गठन केन्द्रीय कमिटीले नयाँ जोश जागरका साथ पार्टी निर्माणमा लाग्नुपर्ने बताए । उनका अनुसार बैठकमा हालै महाधिवेशन सम्पन्न भएका १६ वटा जनसङ्गठनका इन्चार्ज, अध्यक्ष, महासचिव र निवर्तमान अध्यक्षको सहभागिता रहेको थियो ।
बैठकमा जनसङ्गठनका इञ्चार्जहरुले आआफ्नो जनसङ्गठनका बारेमा रिर्पोटिङ गर्नुभएको थियो ।रासस

# जनताको जीवनस्तर सुधार र मुलुकको समृद्धि प्राथमिकतामा



**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले जनताको जीवनस्तरमा सुधार र मुलुकको समृद्धि नै हाम्रो संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको अभिष्ट भएको बताएका छन् ।
पुष्पलाल राष्ट्रिय पुरस्कार २०८२ वितरण समारोहलाई सम्बोधन गर्दै उनले अग्रज नेताहरूको संघर्ष, त्याग र नेपाली जनताको ठूलो बलिदानबाट आज हामीले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेको र त्यही गणतन्त्रको अभिष्ट जनताको जीवनस्तरमा सुधार र मुलुकको समृद्धि भएको उल्लेख गरेका हुन् ।
उनले सुशासन र जनतामा सेवा प्रवाहको चुस्ततासहित स्रोत, साधनहरूको समुचित उपयोगबाट लोकतन्त्र र संविधानले राखेको लक्ष्य पुरा हुने भन्दै यो लक्ष्य पुरा गरेमात्र लोकतन्त्रका लागि आफूलाई समर्पण गरेका नेताहरूप्रति सच्चा श्रद्धान्जली हुने पनि बताए ।
राष्ट्रपति पौडेलले पुष्पलालले नेपाली समाजको आर्थिक ढाँचा, वर्ग विश्लेषण, उत्पादन प्रणाली र समाजका अन्तरविरोधहरूलाई सुक्ष्म ढंगले अभिलेखन गर्न पनि योगदान गरेको बताए ।
उनले भने, ‘पुष्पलाल कम्युनिष्टहरूबीच पनि फरक चिन्तन र अलग पहिचान बनाउन सफल नेता हो । उहाँ माक्र्सवादी र वर्ग संघर्र्षको सिद्धान्तबाट आएको नेता भएर पनि लोकतान्त्रिक प्रक्रियाबाटै सबै समस्याको समाधान संभव छ भन्ने विश्वासमा अटल भएर उभिएको एउटा असल नेता हुनुहुन्थ्यो ।’
राष्ट्रपति पौडेलले पुष्पलालको चिन्तन नेपाली कम्युनिष्टहरूलाई लोकतान्त्रिक प्रक्रियामा रुपान्तरण गर्न एउटा महत्वपूर्ण वैचारिक जग भएको भन्दै उनको यो विचार उपयुक्त थियो भन्ने ०४६ सालको परिवर्तनले पुष्टी गरेको बताए ।
‘पुष्पलालको यो चिन्तन नेपाली कम्युनिष्टहरूलाई लोकतान्त्रिक प्रक्रियामा रुपान्तरण गर्न एउटा महत्वपूर्ण वैचारिक जग थियो भन्ने म ठान्दछु । उहाँको यो विचार उपयुक्त थियो भन्ने ०४६ सालको परिवर्तनले पुष्टी ग¥यो । पछि यसलाई मदन भण्डारीबाट बहुदलीय जनवाद भनेर दार्िशनकीरण गर्ने प्रयास भयो भने जनताको जनवाद र नौलो जनवाद भन्नेहरू हराएर गए,’ उनले भने ।
सो अवसरमा राष्ट्रपति पौडेलले राजनीती तर्फको सम्मान शान्त मानवी, इतिहास तर्फको सम्मान डा.मेदिनीप्रसाद सेडाई र साहित्य तर्फ राममणी पोखरेललाई सम्मान गरेका छन् ।

# दुई हजार पीडित रास्वपाको सम्पर्कमा



**काठमाडौँ ।**
राष्ट्रिय स्वतन्त्र पार्टीले गृह मन्त्री रमेश लेखकले संसद्को भिजिट भिसा प्रकरणका पीडितलाई धम्की दिएको भन्दै आपत्ति जनाएको छ ।
गृहमन्त्री लेखकले रास्वपाले नक्कली पीडितहरु खडा जाहेरी दर्ता गराई नियोजित ढंगले आफ्नो विरुद्ध षड्यन्त्र गरेको आरोप लगाएका थिए ।
२ हजार भन्दा धेरै पीडित नेपाली नागरिक रास्वपाको सम्पर्कमा आएको भन्दै प्रवक्ता मनिष झाले त्यसमध्ये केही आफ्नो दुःखको कथा र ठगिएको सम्बन्धित प्रमाण लिएर पार्टी कार्यालयमा आएको बताए ।
उनीहरूलाई सम्बन्धित सरकारी निकाय र संवैधानिक नियोगमा लगायतमा उजुरी दिन सुझाएका र, यो एक राजनीतिक दलले गर्ने स्वाभाविक व्यवहार र नियमित अभ्यास भएको उनले प्रष्ट्याए ।
‘भर्चुअल र फिजिकल माध्यमबाट २ हजार भन्दा धेरै पीडित नेपाली नागरिक सम्पर्कमा आउनुभयो। त्यसमध्ये केही आफ्नो दुःखको कथा र ठगिएको सम्बन्धित प्रमाण लिएर पार्टी कार्यालयमा आउनुभयो। हामीले वहाँहरूलाई सम्बन्धित सरकारी निकाय र संवैधानिक नियोगमा लगायतमा उजुरी दिन सुझाएका हौ। र, यो एक राजनीतिक दलले गर्ने स्वाभाविक व्यवहार र नियमित अभ्यास हो।’उनले भने
रास्वपा केन्द्रीय सदस्य तथा सांसद सुमना श्रेष्ठको निर्देशन भनेर उल्लेख गर्दै नक्कली उजुरी दिन लगाएको भन्ने समाचारले पार्टीको ध्यानाकर्षण गराएको समेत उनले बताए ।
उनले भने,‘रास्वपाले यसलाई बिषयान्तर गर्न तथा संसद्को रोष्ट्रमबाट नै गृहमन्त्रीले पीडितलाई दिएको धम्कीको नियोजित शृङ्खला मानेको छ। सासंद सुमना श्रेष्ठले निर्देशन दिएको भनेर आएको समाचार गलत छ। यस प्रकारको ब्यबहार राष्ट्रिय स्वतन्त्र पार्टीले प्रोत्साहन गर्दैन। तथापि, पार्टीमा आबद्ध कोही ब्यक्ती भए नभएको बारे सत्य तथ्य पत्ता लगाउन प्रा डा माननीय चन्दा कार्की भण्डारीको संयोजकत्वमा बनेको यस समितिमा बरिष्ठ अधिवक्ता डाक्टर नारायण घिमीरे र लव बिष्ट सदस्य रहनुभएको छ।’

# उच्चस्तरीय सुशासन आयोगको पहिलो बैठक

काठमाडौँ । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आज उच्चस्तरीय सुशासन आयोगको पहिलो बैठक आज सम्पन्न भएको छ।
प्रधानमन्त्री तथा मन्त्रिरिषद्को कार्यालय, सिंहदरबारमा भएको बैठकमा आयोग गठनको उद्देश्य, कार्यक्षेत्र निर्धारण र प्राथमिकताका कार्यसूचीबारे परिचयात्मक छलफल भएको छ ।
आयोगमा राजनीतिक दल, विज्ञ र निजी क्षेत्रका प्रतिनिधिको मनोनयन चाँडै गरी अर्को साता दोस्रो पूर्ण बैठक बस्ने तय भएको छ ।
गत वैशाख ८ गतेको मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्री ओलीको अध्यक्षतामा सो १५ सदस्यीय आयोग गठन गरेको थियो । आयोगमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसिया, सामान्य प्रशासन तथा सङ्घीय मामिलामन्त्री राजकुमार गुप्तालगायत सहभागी थिए ।

# ‘विज्ञान प्रविधिमा आधारित उद्यमशीलता आवश्यक’



**ललितपुर ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले विज्ञान प्रविधिमा आधारित उद्यमशीलताको विकासका लागि राज्यले पहल गर्नुपर्ने बताएका छन ।
राष्ट्रिय युवा परिषद्ले बुधवार ललितपुरमा आयोजना गरेको युवा वैज्ञानिक सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले वैज्ञानिक अनुसन्धान र प्रविधिमा आधारित उद्यमशीलता विकासका लागि राज्यको स्पष्ट नीति, पर्याप्त लगानी, सहकार्य प्रणाली र पूर्वाधार निर्माण गर्नुपर्नेमा जोड दिए ।
‘वैज्ञानिक अनुसन्धान तथा आविष्कारका क्षेत्रमा नेपालले अन्तरराष्ट्रियस्तरमा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिरहेको छैन, अनुसन्धान अनुकूल संरचना र पूर्वाधारको अभाव, सरकारी लगानीको न्यूनता र नवप्रवर्तनलाई व्यवसायमा रूपान्तरण गर्ने प्रणालीको अभाग रहेकाले ती समस्या समाधान गर्न राज्य गम्भीर हुनुपर्छ उनले भने । उनले युवामा रहेका सिर्जनशील योजना, सीप र क्षमतालाई प्रयोग गरी राष्ट्र निर्माणमा परिचालन गर्नुपर्नेमा जोड दिए ।
‘युवाहरू विदेशपलायन हुनुपर्ने अवस्था न्यूनीकरण गर्न देशभित्र भरोसा र अवसर निर्माण गर्नुपर्ने आवश्यकता छ, यस्ता खालका महत्त्वपूर्ण सम्मेलनले युवामा आशा र सम्भावनाको नयाँ आधार खडा गर्नेछ । विज्ञान प्रविधिमा नेपाल अझै पछाडि रहेको अवस्थामा अनुसन्धानका पूर्वाधार, सरकारी तथा निजी लगानी, विश्वविद्यालय र प्रयोगशालाबीच समन्वय, नवप्रवर्तनको व्यवसायीकरण गर्न नीतिगत प्रोत्साहनलगायत पक्षमा सुधार गर्नुपर्ने हुन्छ’, उनले भने ।
अध्यक्ष दाहालले अनुसन्धान अनुदान, नवप्रवर्तन कोष, प्राविधिक शिक्षाको सुदृढीकरण तथा बौद्धिक सम्पत्ति अधिकारको संरक्षणका लागि स्पष्ट संरचना निर्माण गर्न जोड दिए ।
‘विज्ञान तथा प्रविधिमा आधारित उद्यमशीलता विकासका लागि राज्यले नीति निर्माण, पूर्वाधार विकास, जनशक्ति उत्पादन र अनुसन्धान प्रवद्र्धनलाई समानान्तर रूपमा अघि बढाउनुपर्ने देखिन्छ, सङ्घीय संसद्ले प्रविधिको विकासमा दृष्टिगत गर्दै विभिन्न विधेयकहरू निर्माण गरिरहेको छ’, उनले भने । उनले विज्ञान प्रविधिसँग सम्बन्धित कानुनहरू युवामैत्री बनाउन आफूले पहल गर्ने प्रतिबद्धता जनाए ।
अध्यक्ष दाहालले सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, सामाजिक सञ्जाल विधेयक, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विधेयक, मिडिया काउन्सिललगायत विधेयकहरू सङ्घीय संसदमा छलफलका क्रममा रहेकाले यथाशीघ्र पारित हुने विश्वास व्यक्त गरे ।
विज्ञान प्रविधिको क्षेत्रमा आत्मनिर्भर बन्न नीतिगत स्थायित्व मात्र नभई पूर्वाधार निर्माण, दक्ष जनशक्ति उत्पादन र अनुसन्धान प्रवद्र्धनलाई समानान्तर रूपमा अघि बढाउनुपर्ने उनले आवश्यकता औँल्याए । ‘सरकारले नीति तथा कार्यक्रम र बजेटमा विज्ञान प्रविधिको क्षेत्रमा विकास गर्न र लगानी बढाउन केही प्रतिबद्धता जनाएको छ, त्यसलाई कार्यान्वयन गर्ने र बजेटको सही सदुपयोगमा इमान्दारिता कायम गर्ने हो भने सफलता मिल्छ भन्ने विश्वास लिएको छु’, उनले भने ।
अध्यक्ष दाहालले विज्ञान तथा प्रविधिमा आधारित राष्ट्र निर्माणको सन्दर्भमा युवाको भूमिका अपरिहार्य रहेको उल्लेख गर्दै युवा वैज्ञानिकहरूलाई सिर्जनशील सोच, प्रयोगशील क्षमता र अनुसन्धानमूलक प्रवृत्तिमा अझ प्रोत्साहित गर्न आग्रह गरे ।
राष्ट्रिय युवा परिषद्, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान (नास्ट), रोबोटिक्स एसोसिएसन नेपाललगायत संस्थाको सहकार्यमा आयोजना गरिएको उक्त सम्मेलनमा युवा वैज्ञानिक, अनुसन्धानकर्ता तथा प्रविधिमा नवप्रवर्तन गर्ने युवाको सहभागिता थियो ।
सम्मेलनमा नवप्रवर्तनशील प्रविधिको प्रदर्शनीका साथै विविध वैज्ञानिक विषयमा विज्ञहरूमार्फत विचार आदानप्रदान गर्ने कार्यक्रम रहेको राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले जानकारी दिए ।रासस

# विश्व बैंकको सहुलियतपूर्ण ऋण स्वीकार गरिने

**काठमाडौँ ।**
नेपाल सरकारले पुल सुधार तथा मर्मतका लागि विश्व बैंकबाट प्राप्त हुने करिब २० अर्ब ७९ करोड नेपाली रुपियाँ बराबरको सहुलियतपूर्ण ऋण स्वीकार गर्ने भएको छ ।
सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले विश्व बैंकबाट प्राप्त हुने ऋण स्वीकार गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताएका हुन् । यस्तै बैठकले दक्षिण कोरिया सरकारबाट बर्दिया जिल्लामा सञ्चालन हुने समावेशी ग्रामीण विकास परियोजनाका लागि प्राप्त हुने करिब १ अर्ब ८ करोड ८० लाख नेपाली रूपियाँ अनुदान सहायता स्वीकार गरेको पनि उनले जानकारी दिए ।

# व्यावसायिक लिचीमा आकर्षण



**सुर्खेत ।**
भेरीगङ्गा नगरपालिका रामघाट सुर्खेतका किसान पछिल्लो समय व्यावसायिक लिची उत्पादनतर्फ आकर्षित भएका छन् । परम्परागत रूपमा मकै खेती गर्दै आएका यहाँका किसान अब मकैका बारीमा लिची र आँपका बोट लगाउन थालेका छन् ।
यस क्षेत्रमा लिची र आँपलाई प्रमुख नगदे फलफूलका रूपमा लिइन्छ । पछिल्लो केही वर्षयता कृषकले मकैखेतीको तुलनामा फलफूलखेती बढी लाभदायक देखेपछि बारीका डिल, छेउछाउ तथा घर आँगनमै लिची र आँपका बिरुवा रोप्न थालेका छन् ।
गाउँभर अहिले लिची टिप्न किसानलाई भ्याइ–नभ्याइ छ । किसानहरु हरेक दिन भ¥याङ ठड्याएर लिचीका दान चिप्रे चटारो देखिन्छन । रामघाट–११ की रूपा धौलाकोटीले लिची उत्पादनबाट वार्षिक रुपमा लाखौँको आम्दानी गर्दै आइरहेको बताए । ४६ वर्षीया धौलाकोटीले करिब चार बिघामा ३० वटा लिचीका बोट र १५० वटा आँपका बोट रोपेका छन । २५ वर्षअघि रोपेका लिची र आँप उनको आम्दानीको स्रोत हुन् ।'यसपालि हावाहुरीले आँपमा असर ग¥यो तर लिची राम्रो फल्यो', उनले बताए ।
उनका अनुसार बोटमै प्रतिकिलो एक सय रुपैयाँ देखि एक सय ५० रुपैयाँ सम्ममा लिची बिक्री हुने गरेको छ । ग्राहक स्वयं किसानको घरमै आइपुग्ने भएकाले बजार खोज्न जानु नपर्ने उहाँ बताउछन । 'वार्षिक रूपमा लिचीबाट मात्र एक लाखभन्दा बढी आम्दानी हुन्छ', उनले भने, 'यस आम्दानीले घर खर्च धान्न र केही बचत गर्न सकेको छु ।'
उनले थने, 'बाहिरबाट ल्याइने फलफूलमा विषादीको मात्रा बढी पाइने भएकाले पनि ग्राहकहरु आफैँ बगैँचा मै आउने गर्नुभएको छ, यसले हामी किसानले बजार खोज्न जान पनि परेको छैन र मूल्य पाएका छौँ ।'
रुपा जस्तै रामघाट–११ का किसान टेकबहादुर धमला अचेल लिची टिप्नमा व्यस्त हुनुहुन्छ । पाँच रोपनी जमिनमा लिची खेती गर्दै आउनुभएका धमलाले यस वर्ष पनि लाखौँ रुपैयाँ आम्दानी गर्न सफल भएको बताए । 'यो वर्ष कीरा लागेर लिची उत्पादन अघिल्ला वर्षहरूजस्तो धेरै भएन, तै पनि झण्डै एक लाख जति आम्दानी भयो', उनले भने ।धमलाका अनुसार लिची खेतीले राम्रो आम्दानी दिने देखिएको छ । उनले भने, 'पानी, मल र समयमै हेरचाह गर्न सके राम्रो फलेर बजारमा राम्रै मूल्य पाइन्छ । अहिले त लिचीको माग पनि बढ्दो छ ।'
रामघाटमा सबै जसो घरघरमा दुई÷चार वटा लिचीका बोटहरू देख्न सकिन्छ । कतिपय किसानले भने लिचीलाई व्यावसायिक रूपमा विस्तार गर्न थालेका छन् । धमलाले थपे, 'अहिले गाउँका धेरै किसान लिचीखेती गर्न थालेका छन् । सुरुवाती लगानी धेरै नपर्ने र बजार सहज भएकाले लिची आकर्षक बन्दै गएको हो ।' उनका अनुसार सरकारले मल, प्राविधिक सहयोग र बजार सुनिश्चितता गरिदिए लिचीखेतीमा किसान आकर्षित भएका हुन् ।
हाल रामघाटका किसानहरू आफ्नै क्षेत्रका बजार, वीरेन्द्रनगर, नेपालगञ्ज र दाङमा लिची बिक्री गर्दै आइरहेका छन् । भेरीगङ्गा नगरपालिका कृषि विकास शाखाका प्रमुख सुरज विसीका अनुसार रामघाटको वडा नम्बर ११ र १३ लिची र आँप उत्पादनका मुख्य केन्द्र हुन् । उहाँले भने, 'रामघाटको वडा नम्बर १२, ७ र ८ मा लिची उत्पादनका लागि वातावरणीय अवस्था उपयुक्त छ । यहाँको हावापानी र जमिनको बनावट फलफूल खेतीका लागि अनुकूल छ ।'
रामघाट क्षेत्रमा हाल फलफूलका विभिन्न जात व्यावसायिक रूपमा लगाइएका छन् । आँप २९.९ हेक्टर, सुन्तला ३.१ हेक्टर, केरा १६ हेक्टर, कागती ७.८ हेक्टर र लिची १३.५ हेक्टर क्षेत्रफलमा खेती हुँदै आएको छ । रामघाट क्षेत्रको झण्डै ८० प्रतिशत भूभाग वडा नम्बर ११ र १३ ले ओगटेको छ ।
कृषि विकास शाखाका प्रमुख बिसीका अनुसार भेरीगङ्गा नगरपालिकाले किसानहरूलाई फलफूल खेतीतर्फ आकर्षित गर्न अनुदान कार्यक्रम सञ्चालन गरिरहेको छ । उनले भने, 'कृषक, कृषक समूह, कृषि सहकारी तथा कृषि फर्महरूलाई ५० प्रतिशत अनुदानमा आँप, लिची र कागतीका बोटबिरुवा वितरण गरिने कार्यक्रम यस वर्ष पनि सञ्चालनमा छ । फलफूल बगैँचा सुधार र क्षेत्र विस्तारलाई प्राथमिकता दिएका छौँ ।'
रासस

# सात अर्ब ८१ करोड राजस्व सङ्कलन

**कैलाली ।**
कैलाली भन्सार कार्यालयले ११ महिनामा सात अर्ब ८१ करोड २८ लाख रुपैयाँ राजस्व सङ्कलन गरेको छ ।
उक्त कार्यालयका सूचना अधिकारी खिमप्रसाद अर्यालका अनुसार चालु आर्थिक वर्षको साउनदेखि जेठ मसान्तसम्म उक्त रकम सङ्कलन भएको हो । कार्यालयले भन्सार महसुलतर्फ दुई अर्ब ८९ करोड ६३ लाख रुपैयाँ, मूल्य अभिवृद्धिकरतर्फ दुई अर्ब ९१ करोड ७५ लाख रुपैयाँ, अन्तःशुल्कतर्फ १९ करोड ५१ लाख रुपैयाँ र अन्यतर्फ एक अर्ब ८० करोड ३९ लाख रुपैयाँ सङ्कलन गरेको छ ।
चालु आवमा भन्सार कार्यालयको ११ अर्ब १६ करोड २६ लाख रुपैयाँ राजस्व सङ्कलनको वार्षिक लक्ष्य रहेकामा ११ महिनामा सङ्कलन भएको राजस्व वार्षिक लक्ष्यको ६९ दशमलव ९९ प्रतिशत छ । चालु आवको साउनमा ५७ करोड ५० लाख रुपैयाँ, भदौमा ५३ करोड ८४ लाख रुपैयाँ, असोजमा ६७ करोड २४ लाख रुपैयाँ, कात्तिकमा ६२ करोड ७८ लाख रुपैयाँ, मङ्सिरमा ८१ करोड १३ लाख रुपैयाँ र पुसमा ६५ करोड ८७ लाख रुपैयाँ राजस्व सङ्कलन भएको छ ।
त्यसैगरी माघमा ७३ करोड दुई लाख रुपैयाँ, फागुनमा ७२ करोड ७६ लाख रुपैयाँ, चैतमा ७८ करोड ८० लाख रुपैयाँ, वैशाखमा ८१ करोड ८० लाख रुपैयाँ र जेठमा ८७ करोड १३ लाख राजस्व सङ्कलन भएको छ । बढी राजस्व सङ्कलन हुने पेट्रोलियम पदार्थलगायत वस्तुको आयातमा कमी हुनु तथा यस्तै विविध कारणले राजस्व सङ्कलन लक्ष्यमा पुग्न नसकेको सूचना अधिकारी अर्यालले बताए ।
गत आवमा ११ अर्ब ५८ करोड २४ लाख रुपैयाँ वार्षिक राजस्व सङ्कलनको लक्ष्य रहेकामा सात अर्ब ९१ करोड ८० लाख रुपैयाँ मात्र सङ्कलन भएको थियो ।रासस

# कोदो र मकैखेती छाडेर किबीखेती



**गुल्मी ।**
सत्यवति गाउँपालिका–८ भार्षेका यमबहादुर थापा यतिबेला व्यावसायिक रुपमा किबीखेती गरेर राम्रो आम्दानी गर्न थालेका छन । परम्परागत रुपमा कोदो र मकै उत्पादन हुँदै आएको उनको बारी यतिबेला किबीका बोटले ढपक्कै ढाकेको छ । उनले किबीखेती गरेर वार्षिक छ लाख रुपैयाँ भन्दा बढी आम्दानी गर्दै आएका छन ।
थापा कृषक मात्र नभएर जनप्रतिनिधि पनि हुन । सत्यवती–८ का सदस्य थापाले गत ११ वर्षदेखि किबीखेती गर्न सुरु गरेका हुन । उनले आठ रोपनी जग्गामा किबीखेती गर्दै आएका छन । उनको बारीमा यलिसन, हेवार्ड, रेड, गोल्डेन, ब्रुनो, मोन्टी र रेड गरी छ जातका किबीका बिरुवा छन् ।
जलवायु र भौगोलिक संरचनाको हिसाबले भार्षे किबीखेतीका लागि उपयुक्त ठाउँ मानिन्छ । उनले गत वर्ष चार लाख रुपैयाँ को किबी र दुई लाख रुपैयाँ को किबीका बिरुवा बिक्री गरेको बताए । तीन वर्षबाटै किबीले उत्पादन दिन थालेपछि थापालाई किबीखेती गर्ने उत्प्रेरणा जागेको हो । एउटै बोटमा ५० देखि एक क्वीन्टलसम्म किबी फल्ने गरेको छ । उनको बारीमा अहिले एक सय ५० किबीका बोट रहेका छन् । सुरुमा थापाले तार, पाइप र खम्बा बनाउनका लागि आठ लाख रुपैयाँ खर्चेर व्यावसायिक रुपमा किबीखेती गर्न सुरु गरेका हुन ।
'त्यही लगानीले अहिलेसम्म काम गरेको छ, यो बहुवर्षीय भएका कारण एक पटक लगाएपछि ५० वर्षसम्म आम्दानी लिन सकिन्छ, त्यसैले यसैमा रमाएको छु', उनले भने । किबीमा अन्य जातका फलफुलमा भन्दा रोग खासै नलाग्ने भएको उनले बताए । 'वर्षमा दुई पटक हाँगा काटछाँट गर्नुपर्छ, गोठे मल मात्र प्रयोग गर्दै आएको छु, त्यसैअनुसार उत्पादन पनि राम्रो हुँदै गएको छ', थापाले भने ।
उनले उत्पादन गरेको किबी बजारमा दुई सय रुपैयाँ देखि तीन सय रुपैयाँ सम्ममा बिक्री हुने गर्दछ । भार्षेको किबी स्थानीय बजारदेखि पाल्पा र बुटवलसम्म पुग्ने गरेको छ । उनले किबीलाई प्रशोधन गरेर वाइन बनाउन सुरु गरेका छन । किबीलाई बजारको खासै समस्या नभएको थापाले बताए । थापाले पाँच वर्षदेखि किबीको नर्सरीसमेत गर्दै आएका छन । उनको नर्सरीमा यतिबेला आठ हजार किबीका नयाँ बिरुवा रहेका छन् । एउटा बिरुवालाई एक सय ५० रुपैयाँ देखि दुई सय रुपैयाँ पर्दछ ।
गाउँपालिकाले भार्षेलाई किबीको पकेट क्षेत्र घोषणा गरी कृषकलाई उत्प्रेरित गर्दै आएको छ । किबीखेती विस्तारका लागि पालिकाबाट प्राविधिक सहयोगदेखि आवश्यकताअनुसारको तालिम, टनेल, नर्सरी तथा बिरुवामा अनुदान उपलब्ध गराउँदै आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले बताए ।
किबीका अन्य जातमा सबैभन्दा राम्रो गोल्डेन र रेड किबी राम्रो मानिन्छ । यसको मुल्य अन्य जातको किबीको भन्दा एक सय रुपैयाँ बढी पर्दछ । भार्षेमा पाँच वटा किबी समूहमा ८० कृषक आबद्ध छन् । यस क्षेत्रमा एक कृषकले १० बोटदेखि एक सय ५० बोटसम्म किवी लगाएका छन् । भार्षेमा हाल ४० हेक्टर क्षेत्रफलमा किसानले व्यावसायिक रुपमा किबीखेती गर्दै आइरहेका छन् ।रासस

# एकल करातेमा एलिनालाई स्वर्ण

**काठमाडौं ।**
कीर्तिपुर नगरपालिकाकी एलिना थिङले काठमाडौं जिल्लाव्यापी वृहत खेलकुदअन्तर्गत करातेको महिला एकल कातामा बुधबार स्वर्ण जितेकी छन् ।
लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको फाइनलमा एलिनाले तार्केश्वर नगरपालिकाकी प्रसन्न फुयाललाई पराजित गरिन् । नागर्जुन नगरपालिकाकी बन्दना तामाङ तथा आयोजक काठमाडौं महानगरपालिका वडा २६ की मिस्टी श्रेष्ठ तेश्रो भए । शीर्ष तीन स्थान हात पार्नेले क्रमशः ३० हजार, १५ हजार र ५÷५ हजार नगद पुरस्कार प्राप्त गर्ने छन् ।




महिला टिम कुमुतेमा सोनाम शेर्पा, समिक्षा ढुंगाना, मोनिका लामा, आयुशा प्रधान र मनीषा लामाको नागर्जुन टोली पहिलो भयो । काठमाडौं महानगरपालिका ३१ का महिमा राई, आशिका राई, दिया तामाङ, नानु चौधरी र रुक्साना दनुवार दोश्रो भए । गोकर्णेशवरका टीकामाया जिम्मी, डोमा तामाङ, इभान जेलिना बस्नेत, यान्शु ठोकर र आयुशा तिमल्सिना तथा तार्केश्वरका करुणा गडेल, अनु मोक्तान, एलिना तामाङ, प्रतिक्षा तामाङ र सलिना तुलाधर संयुक्त रुपमा तेश्रो भए । पहिलो हुनेले ५० हजार, दोश्रोले २५ हजार र तेश्रोले १०/१० हजार नगद पुरस्कार जित्ने छन् ।
दुईदिने प्रतियोगितामा महिलाको २ प्रतिस्पर्धामा ८० खेलाडीले प्रतिस्पर्धा गरेको करातेका संयोजक सन्तोष श्रेष्ठले जनाएका छन् । ५ खेल समावेश बृहत खेलकुदमा २ खेलको प्रतिस्पर्धा सकिएको छ । करातेअघि टेबलटेनिस सम्पन्न भएको थियो ।

# ज्वालामुखी विस्फोटपछि दर्जनौँ उडान रद्द

**सिक्का**
इन्डोनेसियाको पूर्वमा ज्वालामुखी विस्फोट भएपछि रिसोर्ट टापु बाली जाने र आउने दर्जनौँ उडानहरू बुधबार रद्द गरिएको अधिकारीहरुले बताएका छन् ।
पर्यटकीय टापु फ्लोर्समा रहेको एक हजार पाँच सय ८४ मिटर (पाँच हजार एक सय ९७ फिट) अग्लो ज्वालामुखी माउन्ट लेवोटोबी लाकी–लाकी मङ्गलबार विस्फोट भएपछि अधिकारीहरूले यसको सतर्कता स्थिति चार–स्तरीय प्रणालीको उच्चतम स्तरमा बढाएका छन् ।
'पूर्वी नुसा तेङ्गारामा लेवाटोबी लाकी–लाकीको ज्वालामुखी गतिविधिका कारण आई गुस्ती नगुराह राय विमानस्थलमा धेरै उडान रद्द गरिएको छ', विमानस्थल अपरेटर अङ्कासा पुरा इन्डोनेसियाले एक



विज्ञप्तिमा एएफपीलाई बताएको छ ।रद्द गरिएका उडानहरूमा अस्ट्रेलियाका सहरहरूमा जेटस्टार र भर्जिन अस्ट्रेलिया सेवाहरू समावेश छन् ।
यस्तै एयर इन्डिया, एयर न्युजिल्याण्ड, सिङ्गापुरको टाइगरएयर र चीनको जुनेयाओ एयरलाइन्सले पनि 'ज्वालामुखीका कारण' उडानहरू रद्द गरेको बालीको अन्तर्राष्ट्रिय विमानस्थलको वेबसाइटले जनाएको छ ।
जेटस्टारले बुधबार आफ्नो वेबसाइटमा एक विज्ञप्तिमा बाली जाने र आउने उडानहरू रद्द भएको पुष्टि गरेको छ ।
'पूर्वानुमानले आज रातिसम्म खरानीको बादल सफा हुने अपेक्षा गरिएको छ । नतिजाका रूपमा आज दिउँसोका उडानहरू आज साँझपछि सञ्चालन गर्न ढिलाइ हुनेछ', जेटस्टारले भने । फ्लोर्समा लोकप्रिय पर्यटकीय हटस्पट लाबुआन बाजोका लागि प्रस्थान गर्ने धेरै घरेलु एयरएसिया उडानहरू पनि रद्द गरिएका छन् ।
बालीको नगुराह राई विमानस्थलले आन्तरिक र अन्तर्राष्ट्रिय मार्गमा टापुभित्र र बाहिरका ३२ वटा उडान रद्द गरिएको बताएको छ ।
विमानस्थलका एक ग्राहक सेवा एजेन्टका अनुसार उडानहरू रद्द भए पनि उड्डयन हब अझै पनि सामान्य रूपमा सञ्चालन भइरहेको छ । 'यो मार्ग र एयरलाइन्समा पनि निर्भर गर्दछ', नाम उल्लेख गर्न नमान्ने ती एजेन्टले भने ।
फ्लोरेस टापुको माउमेरे नजिकैको अपेक्षाकृत सानो विमानस्थल फ्रान्सिस्कस जाभेरियस सेडा विमानस्थल बिहीबार बिहानसम्म बन्द गरिएको अधिकारीहरूले सामाजिक सञ्जालमा बताएका छन् ।रासस्एएफपी

# बिलि जिन किङ कपमा नेपालको दोश्रो जित



**काठमाडौं ।**
नेपालले बिलि जिन किङ कपमा बुधबार लगातार दोश्रो जित हात पारेको छ ।
समूह 'बी' को खेलमा नेपालले कतारलाई ३–० ले पराजित ग¥यो । पहिलो खेलमा नेपालले म्यान्मारलाई २–१ ले हराएको थियो ।
श्रीलंकाको कोलम्बोमा भइरहेको प्रतियोगिताको पहिलो सिंगल्समा नेपालकी शिभाली गुरुङले दाना खलिफालाई ६–० र ६–२ को सोझो सेटमा पराजित गरिन् । दोश्रो सिंगल्समा नेपालकी अभिलाषा विष्टले मुबारका अल नाइमीलाई ७–६ र ६–४ ले हराइन् । डबल्समा नेपालका सुनिरा थापा र स्वस्तिका विष्टको जोडीले हिन्द अल मुदाहका र मुबारकाको जोडीलाई ४–६, ७–५ र ११–९ ले पाखा लगाए ।
समूह चरणको अन्तिम खेलमा नेपालले बिहीबार श्रीलंकासंग खेल्ने टिम अफिसियल समेत रहेका नेपाल टेनिस संघ, तदर्थ समितिका सदस्य अजय विष्टले जनाएका छन् ।

# ‘सुशासनका लागि स्थायी सरकार आवश्यक छ’

**ललितपुर ।**
राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले सुशासनका लागि स्थायी सरकार आवश्यक रहेको बताएका छन ।

अल्टरनेटिभ फाउन्डेशनको आयोजनामा बुधवार आयोजित ‘सुशासनको राष्ट्रिय सूचक निर्माणका लागि राष्ट्रिय परामर्श गोष्ठी’मा सभापति खतिवडाले वर्तमान शासन व्यवस्था र राज्यको पद्धति बलियो, पारदर्शी र भरपर्दो बनाउन सके सुशासन कायम हुनसक्ने बताए । ‘स्थायी सरकार नबन्नु समस्या हो, सुशासनका लागि स्थायी सरकार आवश्यक छ, शासन राम्रो हुनु नै सुशासन हो,’, उनले भने ।

सोही कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य नानु बाँस्तोलाले सुशासनको सन्दर्भमा राजनीतिक दलहरूले मात्रै नभइ आम नेपाली नागरिकलेसमेत आफ्नो जिम्मेवारी र जवाफदेही भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

नेकपा (एमाले) को उपभोक्ता हित संरक्षण तथा सुशासन समितिका सदस्य मोहिनी ढकालले सुशासन प्रवद्र्धनमा राजनीतिक दलहरुको दृढ सङ्कल्प आवश्यक रहेको बताए । नेपाल समाजवादी पार्टी (नयाँ शक्ति) का प्रवक्ता कृष्ण शर्माले राजनीतिलाई जनताको सेवा गर्ने माध्यम बनाउँदै राजनीतिको शुद्धीकरण गरेर सुशासन कायम गर्नुपर्नेमा जोड दिए ।

फाउन्डेशनका अध्यक्ष प्रकाश विकल्पले नेपालमा सुशासनको क्षेत्रमा देखिएका कमजोरीलाई सुधार गर्दै प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि भूमिका निर्वाह गर्न कार्यक्रम आयोजना गरिएको बताए ।रासस

# एसियाली राजमार्गःकाँकडभिट्टा–लौकही खण्डमा कालोपत्र थालियो

**मोरङ ।**
सडक सञ्जालबाट एसियाली राष्ट्रहरूलाई जोड्ने उद्देश्यका साथ निर्माण थालिएको ‘एसियन हाइवे’ को काँकडभिट्टा–लौकहीखण्ड कालोपत्र गर्न गरेका छन ।

आयोजना पश्चिम खण्ड इटहरी कार्यालयका प्रमुख जगत् प्रजापतिका अनुसार मङ्गलबार लक्ष्मीमार्गबाट एक लेन कालोपत्रको काम प्रारम्भ भएको हो ।निर्माण सम्झौता भएको १५ महिनामा करिब २३ प्रतिशत काम सकिएको छ । एसियाली राजमार्ग नम्बर २ अन्तर्गत काँकडभिट्टाबाट लौकहीसम्मको एक सय २० किलोमिटर सडक स्तरोन्नति हुने भनिए पनि हाल ९५ दशमलव ७६ किमीमा मात्र काम भइरहेको छ । पूर्वी र पश्चिम खण्डमा विभाजन गरेर काम भइरहेको छ ।

चालु आर्थिक वर्षभित्र कम्तीमा १० किलोमिटर कालोपत्र गर्ने लक्ष्य रहेको छ । आयोजना पूर्वीखण्ड दमक कार्यालयका प्रमुख सुनिलबाबु पन्तका अनुसार पूर्वी खण्डमा २१ प्रतिशत काम सम्पन्न भएको छ । पूर्वी खण्डमा पनि चालु आवमा १० किलोमिटर कालोपत्र गर्ने लक्ष्य छ । पूर्वी खण्डमा ५० र पश्चिममा ७० वटा कल्भर्ट निर्माण भएका छन् ।

यो राजमार्ग बजार क्षेत्रमा ५० मिटर, जङ्गलमा २४ मिटर र ग्रामीण क्षेत्रमा ३३ मिटर चौडा हुनेछ । एसियाली विकास बैंकको ऋण सहयोगमा २०८० साल माघ १९ गतेदेखि निर्माण सुरु भएको हो ।रासस

# पूर्वाधार विकास समितिको टोलीले गरे ग्वार्को ‘ओभरपास’को निरीक्षण

**काठमाडौँ ।**
सङ्घीय संसद् अन्तरगत प्रतिनिधिसभाको पूर्वाधार विकास समितिले ललितपुरस्थित ग्वार्को ओभरपासको निरीक्षण गरेको छ । बुधवार समितिका सभापति दीपक सिंहको संयोजकत्वमा स्थलगत अवलोकन गरिएको हो । समितिका सदस्य तथा प्रतिनिधिसभा सदस्य माधव सापकोटाले ओभरपासको प्रगतिबारे जानकारी लिन निरीक्षण गरिएको बताए । ‘ओभरपासको निरीक्षण गर्दा अधिकांश कार्य सम्पन्न भए पनि केही साना काम बाँकी देखिएको छ,’ उनले भने, ‘लाइट जडान गर्नुपर्ने, सुरक्षा सुनिश्चितताका लागि सिसी क्यामरा जडानलगायतका काम बाँकी छन् । मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशकलगायतका पदाधिकारीलाई बोलाएर आवश्यक निर्देशन दिन छलफल गरिएको छ ।’

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले प्रधानमन्त्री केपी शर्मा ओलीबाट आगामी शुक्रबार ओभरपास उद्घाटन गर्ने जनाएको छ । पटक–पटक म्याद थप हुँदै आएकोमा अब भने ओभरपास निर्माण सम्पन्नको अन्तिम चरणमा पुगेको छ ।

विसं २०७८ फागुन १२ गते ठेक्का सम्झौता भई निर्माण सुरु भएको उक्त फ्लाइओभर परियोजना विभिन्न चरणमा म्याद थप गर्दै २०८१ साल पुस ८ गतेभित्र सम्पन्न गर्ने गरी सम्झौता भएको थियो । ३० मिटर स्पान र चार लेनको पुलसहितको उक्त ओभरपास आशिष–समानान्तर–रेलिगेर जेभी काठमाडौँले निर्माण गरिरहेको छ । रासस

# नियमविपरीत पशु ढुवानी गर्ने ५३ सवारीसाधनलाई कारबाही

**चितवन ।**
नियम विपरीत पशु ढुवानी गर्ने ५३ सवारीसाधनलाई पशु क्वारेन्टाइन चेकपोष्ट रामनगरले कारबाही गरेको छ । कार्यालयले बुधवार सुरक्षाकर्मी लगायतका सरोकारवाला निकायसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्मको प्रगति विवरण सार्वजनिक गरेको हो ।

सो क्रममा कार्यालय प्रमुख डा कृष्ण पौडेलले ऐन नियमावली तथा पशु ढुवानी मापदण्डविपरीत अवैध रुपमा आयात तथा ओसारपसार गरिएका गोरु, राँगा, भैँसी, कुखुराका चल्ला, मासु, अण्डा, माछालगायत नष्ट गरी ती सवारीसाधनलाई कारबाही गरिएको बताए ।

उनका अनुसार ती सवारीसाधनबाट एक लाख २३ हजार पाँच सय रुपैयाँ जरिवाना वापत राजस्व सङ्कलन गरिएको छ ।

उनका अनुसार यस कार्यालयबाट जाँचका क्रममा सबैभन्दा धेरै बोइलर कुखुराका चल्ला ओसारपसार हुने गरेको छ । तेस्रो त्रैमासिकसम्म बोइलर चल्ला ७७ लाख ३० हजार ९८५ वटा यस कार्यालय हुँदै भित्रने र बाहिरिएका छन् । यस्तै १० लाख ५९ हजार ४७६ अण्डाका पेटी जिल्लाबाट बाहिरिएको उनले जानकारी दिनुभयो । बोका, खसी, बाख्रा एक लाख ४० हजार १२४, राँगा, पाडा, पाडी ८३ हजार २८१, भैसी ७७५, गाई ३२४ यस बाटोबाट गएका छन् ।

पौडेलका अनुसार यो बाटो हुँदै तयारी मासुमा माछा ४११ दशमलव ३०९ मेट्रिकटन, राँगा, भैसीको मासु १७६ दशमलव ८८३ मेट्रिकटन, खसीको मासु ५५ दशमलव ५९७ मेट्रिकटन, कुखुराको मासु १३५ दशमलव ५८ मेट्रिकटन र वंगुरको मासु १७८ दशमलब ९६६ मेट्रिकटन यस सडकको बाटो हुँदै गएको छ ।

ढुवानी गरेर ल्याइएका पशुका लागि पशु विश्रामस्थल र अवैध रुपमा ल्याइएका वा मरेका पशुलाई नष्ट गर्ने वायोलोजिकल पिटको अभावका कारण समस्या भएको उनले बताए । पशुलाई ढुवानी गरेर ल्याएपछि आठ घण्टासम्म विश्रामको आवश्यकता पर्ने भए पनि विश्रामस्थल नहुँदा समस्या भएको उनले जानकारी दिए ।

कार्यक्रममा राष्ट्रिय पंक्षी रोग अन्वेषण प्रयोगशाला चितवनका प्रमुख डा विजय श्रेष्ठले स्थानीय तहमा वास्तिविक विवरण आउन नसक्दा समस्या भएको बताए । आन्तरिक ओसारपसारका लागि स्थानीय तह जिम्मेवार बन्नु आवश्यक रहेको उनको भनाइ थियो । अहिले पशु क्वारेन्टाइन नहुँदा पशु हाटबजार रोग फैलाउने ‘हट स्पोट’ का रुपमा रहेको उनको भनाइ थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवि शर्माले अवैध रुपमा हुने ओसारपसार रोक्न स्थानीय प्रशासनले काम गरिरहेको बताए । उनले भने, ‘हामीले सबै स्थानमा कडाइका साथ जाँच गरिरहेका छां, त्यस्तो भेटिए कारबाही गर्छौं ।’

सो अवसरमा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका अध्यक्ष वसन्त पराजुली, नेपाल कुखुरा व्यवसायी मञ्चका अध्यक्ष रघुनाथ भट्ट, ह्याचरी उद्योग सङ्घका महासचिव ज्ञानबहादुर बिसुराललगायतले छिमेकी देशको खुला नाकाका कारण व्यवसायी मारमा परेको भन्दै यसलाई कडाइ गर्न आग्रह गरे । रासस

# रिबर्मा खोलाबाट थप आठ करोड लिटर पानी काठमाडौँमा

**काठमाडौँ ।**
मेलम्ची स्थित रिबर्मा खोलाबाट दैनिक थप आठ करोड लिटर पानी काठमाडौँ ल्याएर वितरण गर्न सुरु गरिएको छ । काठमाडौँ उपत्यकामा मेलम्चीको पानी नियमित रुपमा आपूर्तिका लागि उक्त खोलाबाट पानी ल्याएर वितरण गर्न सुरु गरिएको हो ।

काठमाडौँमा वर्षातको समयमा पनि नियमित रुपमा मेलम्चीको पानी सञ्चालन गर्न मेलम्ची स्थित रिबर्मा खोलामा निर्माण गरिएको टयाङ्की सोमबार खानेपानीमन्त्री प्रदीप यादव सहितको टोली उक्त क्षेत्रमा पुगेर उक्त टयाङ्कीको सफल परिक्षण गर्नुभएको थियो ।

परीक्षण सफल भएसँगै मेलम्चीको सुरुङ मार्ग हुँदै सोमबार राति मेलम्चीको रिबर्मा खोलाबाट आठ करोड लिटर पानी काठमाडौँ ल्याएर मंगलबारदेखि नियमित रुपमा वितरण कार्य सुरु गरिएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक एवं इञ्जिनियर रत्नप्रसाद लामिछाने जानकारी दिए ।

उनले भने, ‘काठमाडौँमा पानी पथान्तरणका लागि रिबर्मा खोलामा निर्माण गरिएको टयाङ्की सोमबार सफल परिक्षण गरिएको थियो, सोही राति त्यहाँबाट पानी पथान्तरण गरेर काठमाडौँमा ल्याएर अहिले आठ करोड लिटर थप पानी वितरण गरिँदैछ ।’

मेलम्ची आयोजनाको हेडबक्स नबन्दासम्मका लागि अस्थायी रुपमा रिबर्मा खोलाको पानी मिसाएर काठमाडौँ ल्याइ वितरण कार्यको सुरुवात गरिएको कार्यकारी निर्देशक लामिछानेले बताए ।

‘गत वर्ष पनि यहाँ बर्खामा कति फोहोर हुने रहेछ भनेर पहिलादेखि अध्ययन गरेका थियौँ, उनले भने, ‘अघिल्लो वर्ष अध्ययन गर्दा यहाँको पानीमा कुनै समस्या देखिएको छैन, सोमबार पानी पथान्तरण गरी काठमाडौँ पुगेको र वितरण सुरु गरिएको छ ।’

अहिले दैनिक २० करोड लिटर पानी मेलम्चीबाट आइरहेको र वर्षातको बेलामा रिबर्मा खोलाबाट पाँचदेखि सात करोड लिटर पानी र बागमतीबाट पनि पाँचदेखि सात करोड लिटर पानी गरी कम्तिमा पनि दशदेखि १४ करोड लिटर पानी यो वर्ष काठमाडौँ ल्याउनेगरी तयारी गरिएको मेलम्ची खानेपानी विकास समितिले जनाएको छ । रिबर्मा खोलाबाट ल्याइएको पानी काठमाडौँमा निर्माण भएका विभिन्न खानेपानी ट्याङ्कीमार्फत वितरण गर्दै उपत्यकावासीको दैनिक जीवनलाई सहज बनाउनका लागि यो आपूर्ति नियमित बनाइने तयारीसमेत गरिएको छ । लामो समयदेखि मेलम्ची आयोजनामा भइरहेका अवरोध र प्राविधिक समस्यापछि यो सफल प्रयासलाई ‘मेलम्ची पुनरागमन’ को रूपमा हेरिएको छ ।रासस

# एमआरपीमा देखिएको अन्यौलताबारे चेम्बरद्वारा सरकारकोः ध्यानाकर्षण

**काठमाडौं ।**
नेपाल चेम्बर अफ कमर्सले एमआरपीमा कार्यान्व्यनमा देखिएको समस्याबारे सरकारको ध्यानाकर्षण गराएको छ ।

अध्यक्ष कमलेश कुमार अग्रवाल, उपाध्यक्ष दिपक श्रेष्ठ एवं अर्का उपाध्यक्ष निलकण्ठ चौलागा“ई सहितको चेम्बर पदाधिकारी र अन्य व्यवसायी टोलीले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारी समक्ष उपभोक्ता र बिक्रेता दुवैलाई सचेतना गराएर मात्रै एमआरपी कार्यान्व्यन गर्नुपर्ने सुझाव दिएको हो ।

चेम्बरले मन्त्री मण्डारी समक्ष सरोकारवाला निकायसंग सर्वपक्षीय छलफल र सहमतीको आधारमा मात्रै एमआरपीलाई कार्यन्व्यनमा लैजानुपर्ने बताएको छ ।

चेम्बरद्धारा जारी विज्ञप्तिमा भनिएको छ, ‘गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक



अधिकार हो, उक्त हकबाट उपभोक्तालाई बञ्चित हुन नदिन तथा बजार र माल बस्तुकाबारे हरेक विषयमा चेतना अभिवृद्धि गर्न प्रचार प्रसार तथा सचेतनाका कार्यहरु अगाडी बढाईनु पर्नेमा सो कार्य अगाडी नबढाई, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले हाल चालिरहेको कदमले राज्यको ऐन, कानून, नियम मान्ने आधिकारिक उद्योगी, व्यवसायीहरु भने मर्कामा परेका छन, ।’

औद्योगिक र व्यापारिक अवस्था सुधार हुन नसकेको बर्तमान अवस्थामा सरकारको एकतर्फी निर्णयले व्यवसायिक वातावरण थप बिग्रने अध्यक्ष अग्रवालले बताए ।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ६ बमोजिम स्वदेशी तथा आयातित सम्पुर्ण बस्तुहरुमा खुद्रा विक्री मुल्य एमआरपी सहितको लेवल राख्नका लागि गरेको सूचना एवं विभागले हाल गरिरहेको बजार अनुगमन र अनावश्यक कारवाहीले शिथिल भईरहेको औद्योगिक वातावरण झनै बिग्रने अध्यक्ष अग्रवालले बताए ।

खुद्रा विक्री मुल्य एमआरपीका सम्वन्धमा उपभोक्ता र व्यापारीमा प्रचार प्रसार गरी हाल विवादमा आएका विषयहरु आपसी छलफलबाट टुङ्ग्याउनु पर्ने अध्यक्ष अग्रवालको भनाई छ ।

# नेपाली नागरिकलाई इजरायल पठाएको विरुद्धमा शान्ति समाज धर्नामा

**काठमाडौं ।**
युद्धको वातावरणमा पनि नेपाली नागरिकहरुलाई इजरायल पठाएको विरोध गर्दै मानव अधिकार तथा शान्ति समाज नेपालले बुधबार इजरायली दूतावास अगाडि धर्ना दिएको छ ।

सरकारले नेपाली नागरिलाई द्वन्दग्रस्त मुलुक इजरायल पठाउने काम नरोक्नु अपराध भएको भन्दै धर्नामा उत्रिएको शान्ति समाजले जनाएको छ ।

सोही क्रममा मानव अधिकार तथा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडीले नेपाली नागरिलाई इजरायल पठाउने काम रोक्नु पर्ने बताए । उनका अनुसार युद्ध क्षेत्रमा नेपालीलाई पठाउने भनेको पैसाको लागि जे पनि गर्ने कुरा जस्तो भएको बताए ।




उनले भने, ‘हमास र इजरायलको बीचमा युद्ध भयो हामीले नेपाल सरकारलाई प्रष्ट भनेका थियौं कि नेपालीहरुलाई त्यहाँ जानबाट रोक्नु तर युद्ध बढ्दै जाँदा पनि नेपाली नागरिलाई इजरायल पठाउने काम सरकारले रोकेन त्यो अपराध हो ।’

इजरायलले पनि किन नेपालीलाई बोलाई रहेको छ र नेपालले पनि किन यस्तो अवस्थामा नेपालीलाई पठाई रहेको छ भन्ने कुरा चिन्ताको विषय भएको बताउँदै उनले इजरायलले नेपाली नागरिकलाई त्यहाँको सैन्य प्रयोजनको लागि प्रयोग गर्छ भन्ने त्रास पनि रहेको भन्दै युद्धलाई अन्त्य गनुपर्छ भनेर आफुहरु आन्दोलनमा उत्रीएको बताए ।

शान्ति समाजकी सभापति रेनुका पौडेलले आफ्ना नागरिकहरु संसारको जुनसुकै कुनामा भएपनि संरक्षण गर्नु राज्यको दायित्व भएको भन्दै त्यसप्रति नेपाल सरकारलाई ध्यानाकर्षण गराएको बताइन् ।

उनले भनिन्, ‘जसरी नेपाली नागरिक त्यहाँ रहनु भएको छ पराराष्ट्र मन्त्रालयले त्यहाँको बारेमा सुचना जारी गरेको छ । दुतावासले नेपालीहरुलाई केहि अफ्ठ्यारोमा पर्‍योभने उद्धार गर्ने सहजिकरण गर्ने प्रयास गरिरहेको छ ।

सरकारले आफ्नो नागरिकको सुरक्षा दिनै पर्छ । अरुदेश सँग समन्वय गरेर हुन्छ भने राज्यले त्यो नीती अपनाउन पर्छ । आफ्नो नागरिक संसारको जुनसुकै कुनामा भएपनि उस्को संरक्षण गर्नु राज्यको दायित्व हो । त्यसप्रति हामी नेपालसरकारलाई ध्यानाकर्षण गराउने छौं ।

यो युद्ध हुन हुँदैन युद्धले मानिसको क्षयमात्र गर्ने काम गर्छ । त्यसैले युद्ध गर्न हुँदैन ।’ साथै, उनले पछिल्लो समय इरान र इजराइलबीच बढिरहेको घटनाको विरुद्ध मानवअधिकार शान्ति समाज लगातार प्रर्दशनमा उत्रिरहेको भन्दै युद्ध रोक्ने उद्देश्यका साथ अगाडि बढेको बताईन् ।

# सञ्चारमन्त्री गुरुङसँग युनेस्कोका नेपाल प्रतिनिधिको शिष्टाचार भेट

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङ र संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) का नेपाल प्रतिनिधि ज्याको डु टोइटबीच शिष्टाचार भेट गरेका छन ।

सञ्चार मन्त्रालयमा बुधवार भएको भेटवार्तामा नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङसँग युनेस्कोका प्रतिनिधि टेइटले डिजिटल नेपाल फ्रेमवर्क र मन्त्रालयले ल्याउन थालेका विभिन्न विधेयकबारे जिज्ञासा राखेका थिए ।

मन्त्री गुरुङले पछिल्लो समय सामाजिक सञ्जालको दुरुपयोगले देशको



सामाजिक सद्भाव, राष्ट्रिय एकता, सार्वभौममा आँच आउने खालका अभिव्यक्ति सिर्जना भएको हुँदा यसलाई व्यवस्थित गर्न सामाजिक सञ्जाल व्यवस्थापनसम्बन्धी विधेयक संसदमा टेवल गरिएको बताए । उनले नेपाललाई डिजिटल साक्षर बनाउने, आइटि क्षेत्रमा विकास गर्ने डिजिटल नेपालको परिल्पनालाई साकार पार्ने राष्ट्रिय नीति रहेको बताए ।

युनेस्कोका नेपाल प्रतिनिधि टोइटले नेपालको डिजिटल फेमवर्कको उद्देश्य साकार पार्न युनेस्को सधैँ सहकार्य गर्न तत्पर रहेको प्रतिबद्धता दिए । उनले पछिल्लो समय सामाजिक सञ्जालको सही प्रयोग कसरी गर्ने भन्नेबारे युवादेखि सबै प्रयोगकर्तालाई साक्षरता आवश्यक रहेकोमा सहमत व्यक्त गरे ।

प्रमुख डिजिटल रूपान्तरण र मिडिया विकास पहलमा सहकार्यलाई बढवा दिने उद्देश्यले गरिएको उक्त बैठकमा मन्त्रायका सचिव राधिका अर्याल, आइसिटी डिभिजनका सहसचिव आदेश खड्का र मन्त्रीका आइसिटी सल्लाहकार डा शालिग्राम पराजुली र युनेस्कोका सञ्चार प्रमुख निर्जना शर्मालगायत व्यक्तित्वको सहभागिता थियो । रासस

# सरकार बिजनेससहित संसद सक्रिय बनाइरहेको छः चौरसिया



*'नेपाल प्रहरी विधेयक, २०८१' पनि अगाडि बढेको छ । अहिलेको यही बजेट अधिवेशनकै क्रममा सरकारले महत्त्वपूर्ण दुईतीनवटा ऐन पनि पारित गर्ने तयारी गरेको छ । भूमिसम्बन्धी ऐन पनि पास हुने क्रममै छ ।*

**काठमाडौँ ।** कानून, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संसद्लाई पर्याप्त 'बिजनेस' दिइएको बताएका छन् । सङ्घीय संसद्का प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)लगायत प्रतिपक्षी राजनीतिक दलले संसद्लाई बिजनेस नदिएको आरोप लगाइरहेका बेला उनले सदनमा बिजनेसको कमी नभएको बताए । मन्त्री चौरसियाले भने, 'सरकारले संसद्लाई पर्याप्त बिजनेस दिएको छ, सबै मन्त्रालयबाट कानून निर्माण र संशोधनका लागि विधेयकको काम अघि बढिरहेको छ । अब छिट्टै शिक्षा, निजामती र प्रहरी विधेयक आउँदैछ, अरु महत्त्वपूर्ण दुईतीनवटा ऐन पनि पारित हुँदैछ ।' मधेश प्रदेश पर्सा जिल्ला विन्दवासिनी गाउँपालिका–४ अमरपट्टिमा २०२१ साल माघ १५ गते जन्मिएका मन्त्री चौरसिया गएको प्रतिनिधिसभा निर्वाचनमा पर्सा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित भए । विसं २०४८ सम्म नेपाल सद्भावना पार्टीमा रहेका उनी २०५१ सालदेखि नेपाली कांग्रेसबाट राजनीति गर्दै आएका छन् । विसं २०५२ मा महासमिति सदस्य र विसं २०६६ मा केन्द्रीय सदस्य बनेका उनी २०५६ सालमा पर्सा निर्वाचन क्षेत्र नं २ बाट सांसदमा निर्वाचित भएपछि २०५८ सालमा स्थानीय सहायकमन्त्री बने । विसं २०६२/६३ को आन्दोलनमा पाँच महिना जेलजीवन बिताएका उनी २०६४ सालमा संविधानसभा सदस्य भए । चौरसियासँग राससका समाचारदाता सुशील दर्नालले कानून निर्माण, संसदीय गतिविधि, संविधान कार्यान्वयन तथा संशोधन र तीन तहका सरकारबीचको कानून निर्माणलगायत समसामयिक विषयमा लिएको अन्तर्वार्ताको सम्पादित अंशः

**वर्तमान सरकार गठन भएको एक वर्ष हुन लाग्यो, यो अवधिका उल्लेखनीय उपलब्धि बताउनुहुन्छ ?**

नयाँ सरकार बनेपछि सबैभन्दा महत्त्वपूर्ण काम सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक (टिआरसी) कानून पास भएको छ । यो धैरै लामो समयदेखि अड्किएर बसेको थियो । त्यसपछि सत्य, निरुपण र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भएको छ । ती आयोगले काम शुरु गरिसकेका छन् । हामीले फौजदारी देवानी कार्यसंहितासम्बन्धी धेरै कानून बनाएका छौँ । जुन पहिला सर्वोच्च अदालतले पनि पटकपटक आफ्नो फैसलामा सुनाएको नजिरमा आएको विषय हो । सर्वोच्चको आदेशपछि विभिन्न कमिटीले सिफारिस गरेको कानून बनाउने क्रममा छौँ । उदाहरणका लागि लामो समयदेखि विभिन्न कोणबाट उठिरहेको विवाहको उमेरसम्बन्धी कानून । त्यो नहुँदा अभिभावकको सहमतिमा भएको विवाहमा पनि बलात्कार, शरीर बन्धक मुद्दा लाग्ने र जेल बस्नुपर्ने बाध्यता आएपछि कानून संशोधनको प्रक्रिया अघि बढाएका हौँ । यीलगायत धेरै संशोधन मन्त्रालयले दुईचार दिनमा मन्त्रिपरिषद्मा लैजाँदैछ । ती संशोधन विधेयक केही समयपछि संसद्मा प्रस्तुत हुनेछन् ।

**सरकारले संसद्लाई पर्याप्त बिजनेस नदिएको आरोपप्रति तपाईं के भन्नुहुन्छ ?**

सरकारले संसद्लाई पर्याप्त बिजनेस दिएको छ । सबै सङ्घीय मन्त्रालयले लगातार कानून निर्माण र संशोधनका काम संसद्लाई दिएका छन् । सरकारले ल्याएको 'विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८१' संसद्मा छ । यसले पछिल्लोपटक देखिएका शिक्षकहरूको समस्यासँगै समग्र विद्यालय शिक्षाको समस्या समाधान गर्ने छ । त्यसैगरी 'सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' पनि सदनमा पुगेको छ । यो विधेयकलाई प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिले सदनमा पेस गरिसकेको छ । 'कानून व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१' राष्ट्रियसभाबाट पास भई अहिले प्रतिनिधिसभा 'कानून, न्याय तथा मानवाधिकार समिति'मा सांसदले राख्नुभएको संशोधनमाथि छलफल भइरहेको छ । 'नेपाल प्रहरी विधेयक, २०८१' पनि अगाडि बढेको छ । अहिलेको यही बजेट अधिवेशनकै क्रममा सरकारले महत्त्वपूर्ण दुईतीनवटा ऐन पनि पारित गर्ने तयारी गरेको छ । भूमिसम्बन्धी ऐन पनि पास हुने क्रममै छ । त्यसकारण सरकारले सदनलाई पर्याप्त बिजनेस दिएको छ । सदनलाई बिजनेस दिएर सक्रिय बनाउने कुरामा सरकार कहीँकतै चुकेको छैन् । विभिन्न मन्त्रालयबाट गएका कतिपय विधेयक संसदीय समितिमा छलफलकै क्रममा छन् । अब ती विधेयक समितिबाट पास भएर छिट्टै सदनमा पेस हुँदैछ ।

**संविधान जारी भएको एक दशक हुन लाग्यो, यसको कार्यान्वयन कसरी भइरहेको छ ?**

संविधान कार्यान्वयनका लागि जति कानून बनाउनुपर्ने थियो, ती सबै कानून विस्तारै बनिरहेका छन् । अर्कातर्फ संविधान जारी भएपछि दुईवटा निर्वाचन सम्पन्न भइसकेको छ । महिलालगायत अन्य उत्पीडित समुदायको हकमा पनि संविधान कार्यान्वयन भइरहेको छ । आवश्यकताका आधारमा सरकारले कानून निर्माणको पाटोलाई तीव्रता दिएको छ ।

**संविधानप्रति व्यक्त असन्तुष्टिलाई तपाईंले कसरी लिनुभएको छ ?**

हाम्रो संविधान संसारकै उत्कृष्ट संविधान हो । यो संविधानमा सबै जनताका अधिकार सुनिश्चित भएको छ । यो संविधान लोकतान्त्रिक व्यवस्थालाई अझ सुदृढ बनाउने आफ्नै मौलिकतामा आधारित छ । यो सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई आत्मसात् गरेको उत्कृष्ट संविधान हो । जनताले आफ्ना जनप्रतिनिधि आफैँ छान्न पाउने अधिकार सुनिश्चित गरेको छ ।

**संविधान संशोधनबारे तपाईं के भन्नुहुन्छ ?**

संशोधनको विषयमा सबैभन्दा पहिला राजनीतिक पार्टीको बीचमा छलफल हुन्छ । छलफलपछि सहमति हुन्छ र त्यही सहमतिको आधारमा संशोधनको विषय अगाडि बढ्छ । संविधानलाई आवश्यकतानुसार परिमार्जन गर्नुपर्छ । जनतालाई परेको पिरमर्कालाई ख्याल गरेर सरकारले समयसमयमा संविधान संशोधन गर्नुपर्छ । सरकारले जनताको आवश्यकताका आधारमा ऐन, कानून संशोधन र परिमार्जन गर्दै अगाडि बढ्ने हो । संविधान, ऐन÷कानून कार्यान्वयनका क्रममा देखिएका जटिलताका आधारमा संशोधन गर्ने कुरा स्वाभाविक हो । समानुपातिक निर्वाचन प्रणालीलाई असर नपर्ने गरी कानून संशोधन हुन्छ । संविधान संशोधन भए पनि महिला, दलित, मधेसी, जनजाति र मुस्लिमलगायत सीमान्तकृत समुदायको अधिकार कटौती हुँदैन । महिलामहिलाबीच प्रतिस्पर्धा हुने निर्वाचन प्रणालीको लागि संशोधन हुनुपर्छ ।

**संविधानमा व्यवस्था भएको दलित अधिकारसम्बन्धी कानून निर्माणमा किन विलम्ब भयो ?**

दलित समुदायसँग सम्बन्धित सवालमा सरकार गम्भीर छ । छुवाछूत र जातीय विभेद अन्त्य गर्न सरकारले नीतिगत र कानूनी प्रतिबद्धता लिएको छ । सरकारले संविधानमा दलितको अधिकारलाई छिट्टै कानून बनाएर कार्यान्वय गर्ने उद्घोष गरेको छ । हामी त संविधान संशोधन गरेर दलितदलितबीच प्रतिस्पर्धा हुनेगरी निर्वाचन क्षेत्र छुट्याउने कुरा गरिरहेका छौँ ।

**संविधानबमोजिम हालसम्म कति कानून निर्माण भए ?**

संविधान जारी भएपछि हालसम्म करिब दुई सय १४ वटा ऐन बनाइसकेको छ । आवश्यकतानुसार थप कानून बनाउने काम भइरहेको छ । अब सङ्घीय सरकारले कानून बनाउँदा व्यवस्थित ढङ्गले सरोकारवालसँग छलफल गरेरमात्र बनाउने छ । प्रदेश र स्थानीय तहसम्बन्धी कानून बनाउँदा विज्ञको सुझावका आधारमा कानून बनाउने काम भइरहेको छ । जनआन्दोलनमार्फत नेपाली जनताले प्राप्त गरेको उपलब्धि रक्षाका लागि परिवर्तनकारी शक्ति एकजुट हुनुपर्ने बेला आएको छ । यसैबीच तीनै तहबीचको सहकार्य, समन्वय र सहमतिमै देशमा भइरहेको भ्रष्टाचारको अन्त्य गर्नुपर्छ ।

**सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच तालमेल नमिलेको जस्तो देखिन्छ नि ?**

स्थानीय, प्रदेश र सङ्घीय गरी तीन तहको अधिकारको सम्बन्धमा संविधानमा नै व्यवस्था छ । त्यसका विषयमा धेरै कममात्र विवाद छ । केही साझा अधिकार पनि छन् । ती साझा अधिकारका सम्बन्धमा तीनै तहले आआफ्नो आवश्यकतानुसार कानून बनाउने भनेर तोकिएको छ । जुन काम भइरहेको छ । गाउँपालिका महासङ्घ र नगरपालिका महासङ्घले स्थानीय सरकारलाई अझै व्यवस्थित गर्दै अनुशासनमा ल्याउने काम गर्नुपर्छ ।

**कानून निर्माणका क्रममा सम्बन्धित पक्षको सुझाव लिने काम कत्तिको भएको छ ?**

सङ्घीय सरकारले कानून बनाउँदा स्थानीय र प्रदेश सरकारको अधिकार कटौती गरेको छैन । अधिकार सुरक्षित गर्नेगरी कानून बनाइएको छ । सबै कानून सरोकार भएकाहरूसँग सघन छलफल गरेर बनाइएका हुन् ।

# शर्माको २४औँ पेशी स्थगित



**मधेशदृष्टि**
**जनकपुरधाम ।** सशस्त्र प्रहरीका सहायक निरीक्षक (असई) थमन विक हत्या प्रकरणमा दोषी ठहर गरिएका मधेश प्रदेशका निलम्बित सांसद अभिराम शर्माको २४औँ पेशी उच्च अदालत जनकपुरको इजलासले बुधबार पनि 'हेर्न नभ्याइने'मा राखेको छ ।

उच्च अदालतको न्यायाधीशद्वय महेन्द्रनाथ उपाध्याय र खेमराज भट्टको संयुक्त इजलासमा पेशी तोकिए पनि मुद्दा सुन्ने समय नमिलेपछि सुनुवाइ स्थगित भएको हो । २०७२ भदौ २५ गते दोस्रो मधेश आन्दोलनको क्रममा महोत्तरीमा असई विकको एम्बुलेन्सबाट थुतेर हत्या भएको घटनामा मुछिएका शर्मासहित सात जनालाई जिल्ला अदालत महोत्तरीले २०८० मंसिर २८ गते जन्मकैदको सजाय सुनाएको थियो ।

सोही फैसलाविरुद्ध उच्च अदालत जनकपुरमा अपिल दायर गरिएको हो । उक्त मुद्दामा एमाले सांसद लक्ष्मी महतो कोइरीलाई सफाइ दिइए पनि सांसद अभिराम शर्मा, जलेश्वरका पूर्वमेयर रामशंकर मिश्र, सुरेश पाण्डे र धमेन्द्र रायलाई दोषी ठहर गरिएको थियो । शर्मा निलम्बनमा परेपछि २०७९ मा पुनः निर्वाचित भएर सांसद बनेका थिए । न्याय प्रक्रिया ढिलो हुनु र पटक–पटक पेशी स्थगित हुनुका कारण पीडित पक्षले निराशा व्यक्त गरेका छन् । अदालतले आगामी पेशी कहिले राख्ने भन्नेबारे जानकारी सार्वजनिक गरेको छैन ।

# समयमै निकासा गरी लक्ष्यअनुसार काम गर्ने सरकारको प्रतिबद्धता



**मधेशदृष्टि**
**जनकपुरधाम ।** मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२÷८३ का लागि ल्याएको बजेटमार्फत प्रदेशभित्रका स्थानीय तहहरूलाई लक्षित गर्दै शिक्षा, स्वास्थ्य, खानेपानी, शहीद परिवार र पूर्वाधारका क्षेत्रमा खर्च गर्नका लागि विभिन्न शीर्षकमा करिब दुई अर्बको अनुदान विनियोजन गरेको छ ।

अर्थमन्त्री सुनिल कुमार यादवले स्थानीय तहले सीधै कार्यान्वयन गर्ने गरी ३८ करोड १० लाख रुपैयाँ विशेष अनुदान शीर्षकमा छुट्याइएको जानकारी दिए । यो अनुदान स्थानीय तहले शिक्षाको गुणस्तर सुधार, आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण, खानेपानीको पहुँच विस्तार तथा शहीद परिवार लक्षित कार्यक्रमहरू सञ्चालनमा उपयोग गर्न सक्नेछन् । त्यस्तै, विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७८ मा तोकिएको मापदण्डअनुसार थप योजनाहरू कार्यान्वयन गर्न २८ करोड १० लाख रुपैयाँ बराबरको समपूरक अनुदान समेत छुट्याइएको छ । यो अनुदान स्थानीय तहको आवश्यकता र प्रस्तावको आधारमा उपलब्ध गराइनेछ । स्थानीय तहलाई दिइने सशर्त अनुदानतर्फ भने सरकारले सबैभन्दा ठूलो रकम विनियोजन गरेको छ ।

अर्थमन्त्री यादवका अनुसार आगामी वर्षका लागि १ अर्ब २२ करोड ५० लाख रुपैयाँ सशर्त अनुदानको रूपमा छुट्याइएको छ । यो रकम प्रदेश सरकारद्वारा तोकिएका प्राथमिकता र शर्तअनुसार खर्च गर्नुपर्नेछ । सशर्त अनुदान अन्तर्गत शिक्षा क्षेत्रमा विद्यालय भवन निर्माण, शौचालय, छात्रवृत्ति तथा पाठ्यपुस्तक वितरण, स्वास्थ्य क्षेत्रमा स्वास्थ्य चौकी र औषधि आपूर्ति तथा खानेपानी तथा सरसफाइका योजना कार्यान्वयन हुनेछन् । बजेट तर्जुमासँगै मन्त्री यादवले अघिल्ला वर्षहरूमा जस्तै बजेट तर्फ रकम विनियोजन भए पनि समयमै निकासा नहुँदा लक्षित कार्यक्रमहरूमा उल्लेखनीय उपलब्धि हासिल हुन नसकेको गुनासो दोहोरिए । उनले आगामी वर्षबाट अनुदानको निकासा समयमै गर्ने व्यवस्था मिलाइने आश्वासन दिए । बजेटमा अनुदानको प्रतिबद्धता गरिए पनि यसको प्रभावकारिता भने कार्यान्वयनको पद्धति र अनुगमन प्रणालीमाथि निर्भर रहने देखिएको छ । गत वर्षका कैयौं योजनाहरू बजेट निकासा ढिलो हुँदा अलपत्र परेका थिए । यसले अनुदानमार्फत स्थानीय तहमा सेवा प्रवाह सशक्त बनाउने सरकारको दाबीलाई शंकाको घेरामा पारेको छ ।

# सडक अलपत्र हुँदा जनतालाई सास्ती, ठेकेदारलाई कारबाही माग

**मनोज माझी**
**सप्तरी ।** सप्तरीको पूर्वी भेगस्थित भारदह–बथनाहा–मिलन चौक डाढा–पकरी सडकखण्ड तथा राजविराज–कञ्चनपुर हुलाकी सडक अन्तर्गत अग्नीसाइर कृष्णासवरण गाउँपालिका–४ बनौलीस्थित खोलामा पुल निर्माणको काममा संलग्न निर्माण कम्पनीको ढिलासुस्तीका कारण सास्ती भोग्नु परिरहेको भन्दै स्थानीय आक्रोशित भएका छन् । बुधवार राजविराज आइपुगेका त्यस भेगका जनताले प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई एक ज्ञापन पत्र बुझाउँदै उक्त समस्या तत्काल समाधान नगरिए आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन् । समाजसेवी एवम् राजनीतिज्ञ विकास कुमार तिवारी, तिलेश्वर मण्डल, मनोज कुमार यादव, राम देव यादव, राजकिशोर साह, सूर्यनारायण साह लगायतको अगुवाईमा पुगेको टोलीले प्रमुख जिल्ला अधिकारी दाहाललाई बुझाएको ज्ञापन पत्रमा उक्त सडक र पुल निर्माणको ठेक्का लिएका एम एस शाह र दिवा जेभी सातदोवाटोका निर्माण कम्पनीले विगत ४ वर्षदेखी निर्माण कार्य अलपत्र अवस्थामा छोडिदिँदा यस भेगका लाखौं जनताको जनजीवन प्रभावित र कष्टकर बन्न पुगेको उल्लेख गरिएको छ । २०७९ असार १९ गते भएको सम्झौता अनुसार २०८१ असार १८ गतेभित्र उक्त सडक र पूलको निर्माण कार्य सम्पन्न गरिसक्नु पर्नेमा म्याद भन्दा १ वर्ष बढी हुन लाग्दा पनी निर्माण कम्पनीको लापरवाहीले दुबै संरचना अधुरो र अलपत्र अवस्थामा रहेको र यस भेगका जनता दुर्घट्नाको जोखिम सँगै विभिन्न खाले समस्या भोग्न बाध्य भएको टोलीका अगुवा विकास कुमार तिवारीले सुनाए । 'एकातीर जीर्ण सडक अर्कोतीर पुल नहुदाँ विशेषगरी वर्षायाममा पानीको उच्च बहावका कारण गाडी गुड्न समेत पुर्णरुपमा बन्द हुन्छ,' उनले भने, 'यति मात्र नभइ पैदल यात्रा गर्न पनी जोखिमपुर्ण बन्ने गरेको छ ।' उक्त सडक र पुल निर्माण भएपछि त्यस भेगका डिमन, डाढा, त्रिकौल, पिपराही, गोइठी, बलिया, बथनाहा, बनौली, पकरी, चिम्टी, महुली, जण्डौल, लोहजरा लगायतका गाउँका वासिन्दाका साथै फत्तेपुर र राजविराजका जनता समेत लाभान्वित हुने भएपनि ठेकेदारको लापरवाहीले सबैले पीडा भोग्नु परिरहेको अर्का स्थानीयवासी रामदेव यादवको भनाइ छ । यस भेगका जनताको एकमात्रै विकल्पका रुपमा रहेको सो सडक र पुल वर्षौंदेखी निर्माणाधीन अवस्थामा रहँदा वर्षायाममा यस भेगका विरामीलाई अस्पताल पुर्याउन, विद्यार्थीलाई टाढाको विद्यालय पुर्याउन तथा अन्य आवश्यक कामकाजले सदरमुकाम राजविराज पुग्न निकै सास्ती भोग्नु पर्ने बाध्यता छ । स्थानीय राजकिशोर साहले भने, 'सडक र पुलको बाँकी काम तत्काल अघि नबढाइए चरणबद्ध आन्दोलनमा जाने तयारी समेत थालेका छौं ।' ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले उक्त सडक र पुल निर्माण कार्यको जिम्मा पाएका कम्पनीका प्रतिनिधी झिकाई समस्या समाधानका लागी पहल गर्ने प्रतिबद्धता जनाएको टोलीका अगुवाहरुले बताएका छन् ।

# बाघको आक्रमणबाट मृत्यु

**मधेशदृष्टि**
**बारा ।** बाराको जीतपुरसिमरा उपमहानगरपालिका–२१ अमलेखगञ्जस्थित दक्षिणकाली सामुदायिक वन क्षेत्रमा बाघको आक्रमणबाट एक स्थानीयको मृत्यु भएको छ । मंगलबार दिउँसो बाख्रा चराउन गएका ५० वर्षीय चन्द्रबहादुर ब्लोनको शव बुधबार बिहान जङ्गलमा क्षतविक्षत अवस्थामा फेला परेको हो । वडाध्यक्ष सुवास श्रेष्ठका अनुसार ब्लोनको शव बाघले खाइरहेकै अवस्थामा भेटिएको थियो । घटना स्थलमा प्रहरी, स्थानीय जनप्रतिनिधि र बासिन्दाहरू पुगेर अनुसन्धान तथा आवश्यक प्रक्रिया अगाडि बढाइएको छ । अविवाहित ब्लोन लामो समयदेखि आफ्नी दिदी र भिनाजुको घरमा बस्दै आएका थिए । उनी मंगलबार दिउँसोदेखि बेपत्ता भएपछि परिवारले खोजी थालेका थिए । वन क्षेत्रमा वन्यजन्तुहरूको गतिविधि बढ्दो अवस्थामा रहेकाले स्थानीयवासीमा त्रास फैलिएको छ । स्थानीयले वन क्षेत्रमा सुरक्षा प्रबन्ध कडा गर्न र वन्यजन्तुको आक्रमणबाट जोगिन आवश्यक पहल गर्न माग गरेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन